


# जर्ज म्युलर

**(सन् १८०५ - सन् १८९८)**

**(George Müller)**

**प्रकाशन**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे, सिन्धुपाल्चोक,**
**नेपाल**
**फोन : ०११-४८९००५**
**email: togmission@gmail.com**
**Visit us @ www.togmission.com**

पहिलो प्रकाशन : वि.सं. २०७० (२०१३ A.D.)
दोस्रो प्रकाशन : वि.सं. २०७१ (२०१४ A.D.)
तेस्रो प्रकाशन :

अनुवादक : के. एम. दास

लिपिक : बच्चु गजमेर

टाइपिङ : शंकर बिश्वकर्मा

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| भूमिका | ४ |
| १. पापमय जीवन र उद्धार | ७ |
| २. परमेश्वरको काम गर्ने इच्छा | १२ |
| ३. पास्टरीय सेवकाइ र विवाह | १८ |
| ४. स्क्रीप्चुरल नलेज इन्स्टिटयूशन | २५ |
| ५. बोझलाई बाँड्नु | ३६ |
| ६. म्युलरको विस्तारित दर्शन | ४२ |
| ७. मिशनरी यात्रा र जीवनको अन्तिम समयहरू | ५० |

# भूमिका

येशू ख्रीष्ट यस संसारमा आउनुभएर २ हजार वर्षभन्दा बढी समय बितिसक्यो, तरै पनि मानवीय जीवनको हरेक थोकको लागि सम्पूर्ण रूपले परमेश्वरमाथि भरोसा राख्नु अझै एउटा अनौठो कुरा ठानिन्छ। धेरै पुराना विश्वासीहरू पनि यसरी जिउनु एउटा कठिन कुरा हो भनी ठान्छन्।

परमेश्वर मात्र नै जीवनमा आवश्यक पर्ने सबै थोक जुटाउनुमा भरपर्दो स्रोत हुनुहुन्छ भन्ने कुराको लागि, एक शताब्दी अगि जिउनुभएको, जर्ज म्युलर एउटा असल उदाहरण हुनुहुन्छ। उहाँले आफ्नो लागि मात्र परमेश्वरमाथि भरपर्नुभएन, तर हजारौँ बालबालिकाहरूको लागि पनि हो, जसलाई उनै परमेश्वरमाथि भरोसा राखेर आफ्नो घरभित्र ल्याउनुभएको थियो।

उहाँको लागि माग्ने एउटा मात्र ठाउँ थियो, त्योचाहिँ परमेश्वरको उपस्थिति हो। कहिल्यै नरित्तिने स्वर्गीय भण्डारबाट पैसा निकाल्ने एउटै मात्र माध्यम प्रार्थना हो भन्ने कुरामा उहाँ विश्वास गर्नुहुन्थ्यो। उहाँको जीवनभरि त्यही प्रार्थनाद्वारा आजको ने.रु.मा करिब ३० अर्ब रकम त्यो भण्डारबाट निकाल्नुभएको थियो। एक जना मिशनरीले उहाँको बारेमा यसो भन्नुभएको थियो, "जर्ज म्युलरले प्रार्थना गर्दा स्वर्ग शान्त रहन्थ्यो।" उहाँको जीवनको बारेमा भन्नुपर्ने उल्लेखनीय कुराचाहिँ उहाँले गर्नुभएको ६० वर्षभन्दा बढीको यो ठूलो सेवकाईमा उहाँ कहिल्यै ऋणमा पर्नुभएन।

उहाँले आफैलाई सम्पूर्ण रूपमा केही थोक बाँकी नराखीकन परमेश्वरको हातमा पूरा विश्वाससहित दिनुभएको थियो। त्यसको इनामस्वरूप परमेश्वरले उहाँलाई विश्वास गर्नुभयो, र उहाँको जिम्मामा यो महान् काम दिनुभएको थियो। उहाँको जीवनचरित्र पढ्दा हाम्रो मनमा उठ्ने एउटा मुख्य

प्रश्नचाहिँ, "के परमेश्वरले मलाई पनि यसरी विश्वास गर्न सक्नुहुन्छ?"

"तिमीले प्रार्थना गऱ्यौ भने पहाडहरू धूलो समान हुन पुग्छन्, तिमीले प्रार्थना गरेनौ भने धूलो पनि तिम्रो अगाडि पहाड हुन पुग्छ।" यो भनाइ म्युलरको जीवनसँग मेल खान्छ। उहाँले प्रार्थनाद्वारा मात्रै आफूले सामना गर्नुपरेको हरेक पहाडलाई धुलो समान बनाउनुभयो। प्रार्थनाविना हाम्रो जीवनमा परमेश्वरको महान् काम देख्नु असम्भव हुन्छ।

हामी प्रार्थना गर्छौं, कि जस–जसले यो किताब पढ्नुहुन्छ उहाँहरूले, आफूमा सम्पूर्ण रूपमा भरोसा राख्ने हरेकप्रति परमेश्वरले प्रकट गर्ने विश्वासयोग्यता देख्न सक्नुभएको होस्, र जर्ज म्युलरले जसरी केही थोक बाँकी नराखीकन आफूलाई परमेश्वरको हातमा सुम्पेर उहाँमा नै भरोसा राख्न सिक्नुभएको होस्।

"विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ, र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ"।

(हिब्रू ११:६)

**यहाँहरूलाई परमेश्वरले आशिष् दिनुभएको होस् ।**

# धन्यवाद

हाम्रो ख्रीष्ट येशूको महिमा, र विश्वासीहरूको भक्ति वृद्धिको लागि भनी गरिएको यो काम सम्पन्न हुन प्रार्थना र सहायता गर्ने हरेकलाई हामी धन्यवाद दिन चाहन्छौँ। कम्प्युटरसम्बन्धी हरेक सामग्री प्रयोग गर्ने अनुमति दिएर सहायता गर्नुभएको लागि केतु सेकेन्डरी स्कुल बाह्रबिसेलाई पनि धन्यवाद दिन चाहन्छौँ।

## अध्याय - १

# पापमय जीवन र उद्धार

जर्ज म्युलर एउटा साधारण व्यक्ति हुनुहुन्थ्यो। तर उहाँको विश्वास, भरोसा र परमेश्वरप्रतिको प्रेम यी कुराले उहाँ जीवित रहँदा जति प्रभाव पारेका थिए आज सय वर्ष पछाडि पनि त्यत्ति नै प्रभाव पारिरहेका छन्। आज पनि आफ्नो जीवनलाई परमेश्वरको सेवामा समर्पण गर्नेहरूलाई उहाँको जीवन एउटा प्रेरणाको स्रोत र साक्षी भएको छ।

परमेश्वरको महान् शक्तिलाई सरल रूपमा चित्रण गर्नु उहाँको जीवनको आकर्षक पक्ष हो। विश्वमा धेरै मानिसहरूलाई धर्मशास्त्रको सत्यतालाई विश्वास गर्नु गाह्रो कुरा हो, अहिलेसम्म बाइबलका धेरै घटनाहरूलाई तिनीहरूले शङ्का गर्छन्। जर्ज म्युलरले आफ्नो प्रार्थनाको उत्तरस्वरूप १५ लाख पाउन्ड (अहिलेको नेपाली रुपैयाँमा करिब ३० अर्ब हुन्छ) रकम परमेश्वरबाट पाउनुभएको थियो। यी घटनाहरू दुई वा तीन हजार वर्ष पहिले भएको भए त्यो शङ्का गर्नेहरूले उहाँको जीवनका यी घटनाहरूलाई पनि विश्वास गर्दैन थिए, तर यी घटनाहरू, नयाँ प्रविधिद्वारा अभिलेख राख्न सकिने १९ औँ शताब्दीको अन्तिम समयहरूमा घटेको कारण यी घटनाहरूलाई वादविवादमा ल्याउन कसैले सक्लान् तर चुनौती दिन सक्दैनन्।

सायद अचम्मको कुरा यही हुन सक्छ उहाँले सुरु गर्नुभएको संस्था "दि जर्ज म्युलर च्यारीटेबल ट्रस्ट" आजसम्म पनि संस्थापकको विश्वासका पाइलाहरूलाई पछ्याउँदै स्रोतको लागि उनै परमेश्वरमाथि भरोसा राखेर सञ्चालन भइरहेको छ। उनै परमेश्वरद्वारा यो संस्थाले वृद्धाआश्राम, बाइबल पाठशाला र विश्वभरि धेरै मिशनरीहरूलाई सघाउने काम समेत गरिरहेको छ। जर्ज म्युलर एउटा इमान्दार सेवक हुनुहुन्थ्यो, जसलाई परमेश्वरले प्रयोग गर्नुभएको थियो। यो सत्यता धेरै बाइबलीय पुरुषहरूसँग मिल्ने एउटा अचम्मको कुरा हो।

TOG Mission

**परमेश्वरले जस्तोसुकै व्यक्तिलाई पनि छान्नुहुन्छ:**

परमेश्वरले धेरैजसो साधारण व्यक्तिहरूलाई छान्नुहुन्छ, कुनै बेला अपमानजनक र खराब इतिहास भएका मानिसहरूलाई, जसले विश्वासलाई विरोध गर्ने गर्थे र जसको परिवर्तनको लागि धैर्यताको आवश्यक हुन्छ, त्यस्तै व्यक्तिहरूलाई छान्नुहुन्छ। जर्ज म्युलर त्यसता व्यक्तिहरूमध्ये एक जना हुनुहुन्थ्यो।

जर्ज म्युलरको जन्म सन् १८०५ सेप्टेम्बर २७ तारिख क्रोपनस्टेट भनिने एउटा प्रशियन गाउँमा भएको थियो। उहाँको बुबा कर उठाउने व्यक्ति हुनुहुन्थ्यो, अनि उहाँले २० वर्षको उमेरसम्म ख्रीष्टलाई पाउनुभएको थिएन। उहाँको बुबा आफ्नो छोरोले सेवकाइ गर्नुपर्छ भन्ने धारणा बोक्नुहुन्थ्यो, तर त्यसपछिको उद्देश्यचाहिँ आफ्नो जागिरबाट अवकाश पाए पछि छोरोले सेवकाइ गरेबापत पाउने घरमा आफ्नो बुढेसकाललाई बिताउनु मात्रै थियो। आफ्नो बुबाबाट जति नै दया माया पाए तापनि जर्ज म्युलरचाहिँ स्वाभाविक रूपमा नै बढी चोर्ने र झूट बोल्ने व्यक्ति हुनुहुन्थ्यो। आफूले नगरेको पाप केही पनि छैन भनी उहाँ आफैले पछिल्ला समयहरूमा स्वीकार गर्नुभएको थियो। पापमा आफूले जीवन बिताइरहेको थाहा हुँदाहुँदै पनि लुथरन मण्डलीको सदस्य हुन र प्रभु–भोजमा सहभागी हुन डराउनुभएन।

**खराब जीवन:**

जर्ज म्युलर सन् १८०५ मा जन्मिनुभएको थियो। १८२६ मा नयाँ गरी जन्मनुभएको थियो। यो २१ वर्षको उमेरसम्ममा उहाँले नगरेका पाप भनेर भन्नुपर्दा थोरै मात्र होलान्। सन् १८१० मा जर्ज म्युलर आफ्नो परिवारसंग क्वोपेन्स्टेड (Kvoppenstaedt) भनिने (Prussian) प्रशियन गाउँमा सर्नुभयो। उहाँ र उहाँको दाजुले आमा बुबाबाट पाउनुपर्ने शिक्षा र सल्लाह खासै पाउनुभएको थिएनन्। उहाँको बुबाले आफ्ना छोराहरूलाई रुपैयाँ पैसा धेरै दिनुहुन्थ्यो, जसले उहाँहरूको जीवनलाई बिगार्‍यो।

जर्ज म्युलरले आफ्नो बुबाको पैसा चोर्ने बानी गर्नुभएको थियो, र त्यो कुरालाई लुकाउनको लागि धेरै नै झूट बोल्नुहुन्थ्यो। उहाँको बुबाले उहाँलाई

TOG Mission

रङ्गे  हात पक्रे पनि उहाँले आफ्नो स्वभावलाई त्याग्नुभएन।

जर्ज म्युलरको बुबाले उहाँलाई मण्डलीको अगुवा बनाउने इच्छा राखेर धर्मशास्त्र अध्ययनको लागि पठाउनुभएको थियो, तर उहाँचाहिँ त्यहाँको मासिक शुल्क तिर्न दिएको पैसालाई फजुल खर्च गरि बुबालाई ठग्नुहुन्थ्यो। उहाँको बुबाले आफूबाट ऋण लिएका व्यक्तिहरूबाट पैसा उठाउने जिम्मा उहाँलाई दिनुभएको थियो; जर्ज म्युलर झनै परीक्षामा पर्नुभयो। उठाएको पैसालाई बढी आफ्नो मोजमज्जामा सिध्याउनुभयो। यी कुराहरू बुबाले थाहा पाउनु अगाडि नै जर्ज म्युलर आफूले गरेको एउटा अपराधको कारण पक्राउ पर्नुभयो। उहाँ एउटा महँगो होटेलमा वास बसेर पैसा नतिरी भाग्न खोजेकाले जेलमा जीवन बिताउनुपऱ्यो।  १६ वर्षको उमेरमा चोर, मतवाला र छलीको रूपमा उहाँ जेलमा हुनुहुन्छ भन्ने खबर थाहा पाएर बुबाले बिगोको जरिवाना तिरेर छोरोलाई छुटाउनुभयो। जर्जले आफ्नो जीवन सुधार्ने प्रतिज्ञा गर्नुभयो, तर भए पनि भित्री परिवर्तनचाहिँ खासै भएको थिएन। उहाँको झूट बोल्ने स्वभाव बढ्दै गयो। उहाँ २० वर्षको उमेरमा झूट बोल्नुमा सिपालु हुनुहुन्थ्यो।

बाइबल अध्ययन गरेको कारण, लुथरन मण्डलीहरूमा प्रचार गर्ने अनुमति उहाँले पाउनुभएको थियो, तर जीवन परिवर्तनचाहिँ भएको थिएन। आफ्नो खराब जीवनलाई उहाँले मन पराउनुभएन, त्यो जीवनले उहाँलाई एक दिन विनाशमा पुऱ्याउँछ भन्ने कुरा उहाँलाई थाहा थियो। तापनि परमेश्वरको विरुद्धको पापको रूपमा ती कामहरूलाई ठान्नुभएन, न ता आफैलाई परिवर्तन गर्न सक्नुभयो।

**उहाँको जीवन परिवर्तन:**

जर्ज म्युलरको जीवन परिवर्तन अचम्म प्रकारले भएको थियो। जर्जको बेटा (Beta) भन्ने साथी हुनुहुन्थ्यो, जसले उहाँलाई १८२५ नोभेम्बर महिनाको एक शनिवार बेलुकी वाग्नर (Wagner) भन्ने व्यक्तिको घरमा हुने घरेलु संगतिमा लिएर जानुभएको थियो। वाग्नरले जर्ज म्युलरलाई आफ्नो घरमा आउँदा खुसीसाथ स्वागत गर्दै भन्नुभयो "आउँदा दिनहरूमा हाम्रो परिवार, हृदय र हाम्रो घरको ढोका तपाईंको लागि सधैँ खुला रहनेछ।" जर्ज

म्युलरले आफ्नो जीवनमा पहिलो पटक मानिसहरू घुँडा टेकी प्रार्थना गरेको देख्नुभयो, जुन प्रथा उहाँको मण्डली सम्प्रदायको भन्दा फरक थियो। उहाँमा परेको यो प्रभाव उहाँको जीवनभरि नै रहिरह्यो। वाग्नरले प्रार्थना गरेको सुनिरहँदा उहाँले सोच्नुभयो, "म यो व्यक्तिभन्दा बढी शिक्षित भएर पनि यसरी प्रार्थना गर्न सकेको छैनँ।"

उहाँ संगतिमा बसिरहँदा आफ्नो जीवनमा अनौठो प्रकारको शान्ति र आनन्दको महसुस गरिरहनुभएको थियो, तर उहाँमा आफूले गरेका गल्तीहरूको महसुस भएको थिएन, र परमेश्वरको बारेमा गहिरो बुझाइ पनि भएको थिएन, तापनि त्यो दिन त्यो सानो घरेलु संगतिद्वारा जर्ज म्युलरको जीवनमा केही भएको थियो। पछिल्लो समयमा त्यो दिनको बारेमा जर्ज म्युलरले यसरी लेख्नुभएको थियो, "मलाई शङ्का छैन त्यो दिन बेलुकी परमेश्वरले मेरो जीवनमा आफ्नो अनुग्रहको काम सुरु गर्नुभएको थियो।" अर्को शनिवारभित्र जर्ज धेरै पटक वाग्नरको घरमा जानुभयो र उहाँहरूसँग बसेर धर्मशास्त्र अध्ययन गर्नुभयो।

तुरुन्तै सबै पापबाट उहाँ मुक्त नभए तापनि ती कामहरू उहाँलाई अहिले मन पर्न छोड्यो, र देखिने प्रकारका पापहरू उहाँको जीवनमा कम हुन थाल्यो र गुप्तमा गरिने पापहरूको बन्धनबाट पनि बिस्तारै छुटकारा पाउन थाल्नुभयो। अब उहाँ घरीघरी धर्मशास्त्र अध्ययन र प्रार्थनामा समय बिताउन थाल्नुभयो। साथै संगतिको खोजी गर्दै आराधना सेवामा सहभागी हुनुभयो, तर उहाँले उहाँका पुराना साथीहरूबाट गिल्ला र निन्दा भोग्नुपर्‍यो।

एक दिन उहाँले यूहन्ना ३:१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" भन्ने वचनलाई भेट्टाउनुभयो, पहिलो चोटि जीवनमा मुक्तिको बाटो देख्नुभयो, र परमेश्वरको प्रेमको बारेमा बुझ्न थाल्नुभयो। ख्रीष्टिय जीवन भावनात्मक जीवन होइन, तर विश्वासमा आधारित जीवन हो भन्ने यथार्थले उहाँलाई पक्रियो। उहाँको बुबाको ताडना, बिन्ती, र आफ्नै विवेकको आवाज, र पटक-पटक गरेको गल्ती सुधारिने प्रतिज्ञा यी सबैले उहाँको जीवनमा गर्न

TOC Mission

नसक्ने काम परमेश्वरको प्रेमले गऱ्यो, र उहाँले आफ्नो पापमय स्वभाव त्याग्नुभयो।

सन् १८२६ मा उहाँ २१ वर्षको उमेरमा नयाँ गरी जन्मनुभयो। मिशनरीहरूका प्रतिवेदनहरूलाई पढ्न थाल्दा उहाँभित्र जाति–जातिहरूको बिचमा विभिन्न देशहरूमा सुसमाचार सुनाउने तृष्णाको आगो बल्न थाल्यो। प्रार्थनामा रहेर धैर्यसाथ परमेश्वरको इच्छालाई खोज्दा त्यो आगो अझै बलियो हुँदै गयो। बिस्तारै संसारमा भएका देशहरूको बारेमा ज्ञान बढ्दा, र त्यहाँ भएका अन्यजातिहरूको परमेश्वरहीन दयनीय अवस्था थाहा पाउँदा मिशनरी सेवाको आगो झन् बलियो हुँदै गयो।

यो परिस्थितिहरूमा आफ्नो मण्डलीमा संगति गर्ने जवानीसँग उहाँले प्रेम सम्बन्ध राख्नुभयो, यो सम्बन्धले उहाँलाई परमेश्वरबाट टाढा लान थाल्यो, र उहाँ आत्मिक जीवनमा कमजोरी हुन थाल्नुभयो। यो अवस्थामा उहाँको एक जना हेर्मन बल भन्ने धनी परिवारको साथीले (Hermann Ball) आफ्नो जीवनलाई परमेश्वरको सेवामा समर्पण गरेर धन सम्पत्तिलाई त्यागेर (Poland) पोल्याण्ड देशमा भएका यहूदीहरूको बिचमा मिशनरी भएर जानुभयो । म्युलरले लेख्नुभएको थियो, “उहाँको जीवनको उदाहरणले मलाई धेरै गहिरो रूपमा प्रभाव पाऱ्यो। मेरो जीवनको पहिलो पटक मैले कुनै थोक बाँकी नराखीकन आफैलाई पूर्ण रूपमा परमेश्वरलाई दिन सक्ने भएँ।” यो प्रेम सम्बन्धले गर्दा आफू कति छिटो परमेश्वरबाट टाढा पुगिसकेको छु भन्ने कुरालाई उहाँले देख्न थाल्नुभयो, र उहाँको जीवन बेखुसी र प्रार्थनाहीन भइसकेको थियो। आफ्नो जीवनमा आफूले गुमाएको आत्मिक उन्नतिलाई फेरि पाउनको लागि त्यो प्रेम सम्बन्धलाई तोड्ने निर्णय गर्नुभयो। शान्ति र आनन्द उहाँको हृदयमा फेरि फर्किआयो, र नवीकरण भएको जोससहित फेरि परमेश्वरको सेवामा अघि बढ्नुभयो।

TOG Mission

## अध्याय - २

# परमेश्वरको काम गर्ने इच्छा

जर्ज म्युलर हेल (Hale) विश्वविद्यालयमा डा. थोलकको सेवकाइ मुनि हुनुहुन्थ्यो। जवान जर्ज म्युलरमा उहाँको प्रभाव उल्लेखनीय थियो। विश्वासीहरूसँगको सम्बन्ध बढ्दै गयो, साथसाथै उहाँको मिशन सेवाप्रतिको इच्छा पनि सँगै बढ्यो। जर्जले जर्मनमा भएको एउटा मिशन विद्यालयमा पढ्ने इच्छा राखेर उहाँको बुबालाई अनुमति माग्नुभयो, उहाँको बुबा धेरै निराश हुनुभयो। छोरोले आफ्नो बुढेसकालमा आफूलाई हेरचाह गर्छ भन्ने आशा तोडिने सम्भावना देख्दा उहाँ छोरोसंग रिसाउनुभयो। यो कुराले जवान म्युलरलाई साह्रै निराश बनायो, र आफ्नो इच्छा पूरा गर्न नपाउँदा उहाँ दुःखित हुनुभयो, र अब उप्रान्त आफ्नो जीवनको खाँचो पूरा गर्नको लागि परमेश्वरमाथि भरोसा राख्ने निर्णय गर्नुभयो। थोरै समयमा नै जर्मन भाषाको शिक्षकको रूपमा उहाँले काम पाउनुभयो। उहाँले पाएको पारिश्रमिक उहाँको बुबाबाट अथवा अरू कुनै ठाउँमा पाएको रकमभन्दा धेरै बढी थियो। उहाँले भन्नुभयो, "यसरी नै परमेश्वरले मलाई मैले त्यागेको थोरैको सट्टामा प्रशस्त दिनुभयो।"

म्युलर धेरै नै अधीर हुन थाल्नुभयो। चाँडै कुनै पनि एउटा मिशनरी काममा लाग्न इच्छा गर्नुभयो। उहाँको अधीरताले उहाँलाई एउटा मिशनरी बन्ने इच्छामा बेर्लिन् मिशनरी सोसाइटीमा निवेदन पेस गर्न लगायो, तर बुबाको सहमति नभएकोले निवेदन अस्वीकार भयो। यसरी नै उहाँका अरू प्रयासहरूको अगाडि पनि सबै ढोकाहरू बन्द भएको थियो। आउँदो महिनाहरूमा, ईश्वरीय अगुवाइचाहिँ प्रार्थना र गहिरो धर्मशास्त्रको अध्ययनद्वारा मात्र प्राप्त हुन्छ भन्ने सत्यता उहाँले सिक्न थाल्नुभयो। उहाँ सुसमाचारको आधारभूत सिद्धान्तहरूमा अझै अपरिपक्व नै हुनुहुन्थ्यो। उहाँले सिक्नुपर्ने धेरै कुरा बाँकी नै थियो। यी समयहरूमा मिशनरीको रूपमा इस्ट इन्डिज (East Indies) मा काम गर्ने निर्णय गर्नुभएको थियो, तर उहाँलाई

TOG Mission

परमेश्वरले राख्नुभएको अनुपम जीवनको लागि तयार हुनुभएको थिएन। यी समयहरूमा नै म्युलरले आफू प्रार्थनामा बढी समय बिताउनुपर्ने, र आफ्नो मनमा भएका सबै थोकहरूलाई परमेश्वरको उपस्थितिमा ल्याउनुपर्ने सत्यतालाई थाहा पाउनुभयो। यही समयदेखि नै परमेश्वरले म्युलरलाई आफूप्रति एउटा साधारण बालकको जस्तै स्वभाव दिनुभयो। यी समयहरूमा नै उहाँ एक असाधारण साक्षीको रूपमा विश्वासीहरूको माझमा उभिनको लागि तयार हुँदै हुनुहुन्थ्यो।

**उहाँको पहिलो प्रचार:**

सन् १८२६ मा उहाँले पहिलो प्रचार गर्नुभएको थियो। एउटा धर्मशास्त्र अध्ययन गर्ने लुथरन सम्प्रदायको विद्यार्थीको रूपमा उहाँलाई जुनसुकै समयमा पनि प्रचार गर्ने अनुमति थियो, तर आफ्नो जीवनको अवस्था थाहा भएको कारण योभन्दा अघि उहाँले प्रचार गर्नुभएको थिएन। यो पहिलो पटकको प्रचारमा अरू कसैको प्रचारलाई कण्ठ गरेर बिहानको संगतिमा प्रचार गर्नुभएको थियो। दुर्भाग्यवश दिउँसोको संगतिमा पनि प्रचार गर्ने अनुरोध उहाँलाई आयो। अरू कुनै प्रचार कण्ठ नभएको हुनाले दिउँसोको प्रचारको लागि परमेश्वरमाथि भरोसा राख्नुपर्ने अवस्था आयो। दिउँसोको प्रचारमा मत्ती ५ अध्यायलाई व्याख्या गर्ने कोसिस गर्नुभयो। अचम्म तरिकाले उहाँका आखाँ खुल्यो, र परमेश्वरको वचन उहाँको अघि खुलस्त भयो। उहाँ आफैले पनि आत्मामा एउटा नयाँ शान्ति र शक्तिको अनुभव गर्नुभयो, जुन कुराले बिहानको प्रचारभन्दा भिन्नै तरिकाले प्रचार गर्न सहायता गर्‍यो। यो सहायताद्वारा उहाँ मानिसहरूको बिचमा एउटा छुट्टै चरणमा रहेर बोल्नुभयो, जुन प्रचारले मानिसहरूको ध्यानलाई आकर्षण गर्‍यो।

“यही तरिकामा नै म सधैँ नै प्रचार गर्न चाहन्छु” भन्ने निर्णयसहित उहाँ घर फर्कनुभयो। यो तरिकाले शिक्षित र ज्ञानी मानिसहरूको बिचमा काम गर्छ कि भन्ने शङ्का उहाँमा थियो, कारण त्यति बेलासम्म उहाँले वाग्मिताको शक्तिहीनताको बारेमा, साथै पवित्र आत्माको कामको बारेमा थाहा पाउनुभएको थिएन। तापनि आफ्नो शङ्कालाई एकापट्टि छोडेर उहाँले आफ्नो प्रचारको लागि परमेश्वरमाथि नै भरोसा गर्ने निर्णय गर्नुभयो। सरल

तरिकाले सोझै मानिसहरूको हृदय र मनलाई प्रभाव पार्ने प्रचारको लागि परमेश्वरमा नै भर पर्नुभयो।"

### हेल (Hale) अनाथ आश्रम:

हेल विश्वविद्यालयमा पढिरहँदा थोरै समयको लागि प्रख्यात हेल अनाथ आश्रममा पनि रहने मौका पाउनुभयो। जुनचाहिँ (A.H. Franke) ए.हेच. फ्रान्केद्वारा स्थापना भएको थियो। यो परमेश्वरको दासले १०० वर्ष अघि हेलमा यो काम सुरु गर्नुभएको थियो। उहाँले यो सबै काम परमेश्वरमाथि राख्ने भरोसाद्वारा मात्रै गर्नुभएको थियो भन्ने कुरालाई सधैँ स्मरण गरिन्थ्यो। उहाँको सिद्धान्तले म्युलरलाई धेरै प्रभाव पाऱ्यो। त्यहाँ भएका घरहरू, सुविधा र त्यो काम आफैले पनि, यी सबै नै जिउँदो परमेश्वर प्रार्थना सुन्नुहुन्छ, र उत्तर दिनुहुन्छ भन्ने सत्यताको प्रमाण थिए। आफ्नो विश्वासका कामहरूमध्येका प्रायः  हेलमा भएको फ्रान्केको अनाथ आश्रमको प्रभावद्वारा भएको हो भनी पछिल्ला समयहरूमा म्युलर आफैले स्वीकार गर्नुभएको थियो।

### लन्डन सरुवा:

सन् १८२७ मा कान्टीनेन्टल सोसाइटी अफ ब्रिटनले आफ्नो ब्युचरस्टमा (Bucharest) भएको मिशनरी कामको लागि सेवक खोजी गरेको थाहा पाउँदा म्युलरको मिशनरी कामप्रतिको जोस उचाइमा पुग्यो। उहाँको बुबाको समर्थनसहित यो कामको लागि उहाँले आफैलाई अर्पण गर्नुभयो, तर टर्की र रुस बिचको युद्धले गर्दा त्यो ढोका पनि बन्द भयो, र उहाँ कहिल्यै त्यहाँ जान पाउनुभएन। त्यसको सट्टा उहाँको ध्यान यहूदीहरूतिर फर्क्यो। उहाँको साथी हेर्मन बल (Hermann Ball) आफ्नो अस्वस्थताको कारण सेवकाइलाई छोडेर पोल्याण्डबाट घर फर्कनुभयो, र म्युलरले तुरुन्तै उहाँको सट्टा त्यहाँ यहूदीहरूको बिचमा काम गर्नेको बारेमा सोच्न थाल्नुभयो, तर त्यो पनि उहाँको लागि थिएन। केही समयमा यहूदीहरूको बिचमा काम गर्न तालिम लिनको लागि लन्डन मिशनरी सोसाइटीले उहाँलाई निमन्त्रणा गऱ्यो। उहाँ एकदमै उत्साहित हुनुभयो, तर उहाँले एउटा ठुलो बाधाको सामना गर्नुपर्ने भयो। प्रशियाको नागरिक भएको हुनाले उहाँ आफ्नो

विश्वविद्यालयको शिक्षा पछि ३ वर्ष सेनामा काम गर्नुपर्ने भयो, योविना इङ्गल्याण्ड जानको लागि राहदानी पाउन नसकिने भयो। उहाँको निवेदन अस्वीकार भयो, यी समयहरूमा उहाँ अस्वस्थ हुनुभयो र निको भइसकेपछि स्वास्थ्य जाँचको लागि सेनाको चिकित्सककहाँ जानुभयो। चिकित्सकले उहाँलाई जाँचिसकेपछि उहाँ सेनामा सेवा गर्न अयोग्य हुनुहुन्छ भन्ने घोषणा भयो। प्रधान जनरल आफैले उहाँलाई सधैँको लागि सेनाको सेवाबाट मुक्त गराई कागजमा सही गर्नुभयो।

यसरी सन् १८२९ को मार्च महिना उहाँ प्रशियाबाट मुक्त भई लन्डनमा आई लन्डन मिशनरी सोसाइटीमा तालिमको लागि भर्ना हुनुभयो। यी समयहरूमा धेरै परिश्रम गर्नुभयो, धेरै दिनहरू १२ घण्टासम्म अध्ययनमा बिताउनुभयो। आफू आत्मिक रूपमा कमजोर हुन सक्ने सम्भावना देखेर पुरानो करारको धेरै भागहरूलाई हिब्रू भाषामा कण्ठ गर्नुभयो। दुर्भाग्यवश अङ्ग्रेजी भाषाको अध्ययनमा थोरै मात्र प्रगति गर्नुभयो। जुन कुराको बारेमा उहाँ पछिको समयहरूमा पछुताउनुभएको थियो।

धेरै तलब पाउने दाँतको चिकित्सकको कामलाई त्यागेर आफ्नो परिवारसहित मिशनरी भएर पेर्सिया (Persia) जान तयार हुनुभएको ग्रुभेस (Groves) भन्ने व्यक्तिको बारेमा उहाँको सह–विद्यार्थी एक जनाले म्युलरलाई बताउनुभयो। यसमा म्युलरलाई धेरै प्रभाव पारेको कुराचाहिँ, ग्रुभेसले आफ्नो दैनिक खाँचोहरूको लागि पनि परमेश्वरमाथि नै भरोसा राखेर जान लागेको कुरा थियो। उहाँले यो कुरालाई कहिल्यै बिर्सन सक्नुभएन, यो उहाँको जीवनमा अर्को मुख्य घटना भयो, जुनलाई प्रयोग गरेर परमेश्वरले उहाँलाई भविष्यको सेवकाइको लागि तयार गर्नुभयो।

**पश्चात्ताप:**

सन् १८२९ मा म्युलर २४ वर्षको उमेर हुँदा उहाँको स्वास्थ्य नाजुक भयो, एकदमै दुःखित भएर उहाँको छोटो जीवनलाई सम्झेर धेरै नै निराश हुनुभएको थियो। उहाँ आफ्नो बितेको जीवनको पापलाई सम्झेर परमेश्वरको सामु भित्रदेखि नै दुःखित हुनुभयो। उद्धार पाएको समयमा उहाँको

पश्चात्तापचाहिँ खासै गहिरो थिएन, ती पापका सम्झनाहरू अहिले उहाँको जीवनलाई नाश पार्ने शक्तिको रूपमा प्रकट हुन थाले। आफ्नो जीवनमा पहिलो पटक उहाँ क्रूसको सामु आउनुभयो। आफ्नो पापबाटको छुटकारा त्यहाँ मात्र सम्भव छ भनी उहाँले थाहा पाउनुभयो। आफ्नो पापको प्रायश्चित्त क्रूसमा नै भएको हो, र परमेश्वरको क्षमा कठोर हृदय भएको पापीलाई भेट्ने अनुग्रहको सिंहासन त्यो क्रूस नै हो भन्ने कुरालाई उहाँले देख्नुभयो। उहाँले आफू धोइएको, र ख्रीष्टको रगतद्वारा शुद्ध भएको महसुस गर्नुभयो। विश्वासको ज्योति उहाँको हृदयमा उदाउँदा उहाँ आनन्दले भरिनुभयो, र परमेश्वरको अगाडि धन्यवादी हुनुभयो; यो आनन्दचाहिँ धर्मी तुल्याएको पापी, जसले आफ्नो जीवनमा पहिलो चोटि आफ्नो सबै दोष पवित्र र धर्मी परमेश्वरको अगाडिबाट हटाएको थाहा पाउँदा महसुस गर्ने आनन्द थियो। मृत्युको डर उहाँबाट टाढा हट्यो। अब ख्रीष्टसँग रहन जाने मौकालाई स्वागत गर्नुभयो।

अर्को मुख्य परिवर्तन अस्पतालमा रहँदा नै भएको थियो। उहाँले आफ्नो जीवनमा सबै कुराको लागि प्रार्थना गर्नुभयो। उपचार गर्ने चिकित्सक, औषधी, र उहाँका वरिपरि हुने क्रियाकलापहरू, यी सबै कुराहरूलाई उहाँले परमेश्वरको सामु समर्पण गर्नुभयो, चाहे महत्त्वपूर्ण कुरा होस्, वा साधारण कुरा होस्। उहाँले यसरी प्रार्थना गर्नुभयो, "प्रभु, तपाईंलाई थाहै छ, यो औषधी खास पानी मात्रै हो, प्रभु, मेरो भलाइ र तपाईंको महिमाको लागि यसले मेरो शरीरमा काम गरोस्।"

उहाँको स्वास्थ्यमा परिवर्तन भयो, र उहाँले कहिले नगरे जसरी धर्मशास्त्रको अध्ययन गर्न सुरु गर्नुभयो। उहाँले सबै बाइबल–टिप्पणी, शब्दकोश, र अन्य सहायक पुस्तक त्यागेर दिनानुदिन धर्मशास्त्रलाई मात्र अध्ययन गर्न थाल्नुभयो। उहाँको यो परिवर्तनको महत्त्वलाई अनुमान गर्नु धेरै गाह्रो कुरा हो। म्युलरलाई धेरै नयाँ प्रकाशहरू परमेश्वरले त्यो हप्ताहरूमा दिनुभयो। उहाँलाई परमेश्वरले यो कुरा बुझाउनुभयो कि परमेश्वरको वचन मात्र नै आत्मिक कुराहरूको मापदण्ड हो। परमेश्वरको वचनलाई बुझाउनु पवित्र आत्मा हो, जोचाहिँ विश्वासीहरूको शिक्षक हुनुहुन्छ। परमेश्वरले हामीलाई पृथ्वीको जग बसाल्नुभन्दा अघि नै चुन्नुभयो, एउटा अचम्मको

उद्धारको योजना बनाउनुभयो, र त्यहाँ पुग्ने बाटोहरू पनि तयार गर्नुभयो। परमेश्वरको पुत्र सबै नियम कानुनलाई पूरा गरेर आफूमा हाम्रो पापको दण्ड भोग्नुभयो, र परमेश्वरको धार्मिकताको मापदण्डलाई पूरा गर्नुभयो। अन्तमा पवित्र आत्माले मात्रै हाम्रो पापमय अवस्थालाई देखाउन सक्नुहुन्छ, र उद्धारको आवश्यकतालाई देखाएर हामीलाई ख्रीष्टमा विश्वास गर्न लगाउनुहुन्छ, साथै धर्मशास्त्रको वचनलाई व्याख्या गरेर त्यसलाई प्रचार गर्न सहायता पनि गर्नुहुन्छ।


म्युलर लन्डन फर्कनुभयो, र उहाँले भन्नुभए अनुसार उहाँको शरीरमा धेरै सुधार भएको थियो, र आत्मामा पनि, उहाँको त्यो परिवर्तनचाहिँ उहाँको लागि दोस्रो चोटि उद्धार पाए जस्तै भएको थियो। उहाँले सहरमा फर्कने बित्तिकै प्रार्थना, संगति र बाइबल अध्ययन आफूसँग पढ्ने विद्यार्थीहरूको बिचमा बिहान ६–८ बजेसम्मको लागि सुरु गर्नुभएको थियो; साथै उहाँ आफै पनि धेरै घण्टाहरू व्यक्तिगत प्रार्थना र आराधनामा बिताउनुभयो। कुनै समय राति २ बजेसम्म पनि रहनुहुन्थ्यो। यी समयहरूमा नै उहाँले लन्डन मिशनरी सोसाइटीका नियमहरू बाइबलसँग नमिलेको देख्नुभयो, र त्यसलाई आफूले स्वीकार गर्न नसक्ने महसुस गर्नुभयो। पावल र बारनाबासलाई सेवाको लागि बोलाउनेचाहिँ परमेश्वर नै हुनुहुन्थ्यो, एन्टिओखमा भएको मण्डलीले तिनीहरूलाई सेवामा जान आग्रह गरेको होइन, तर त्यो ईश्वरीय उद्देश्य थाहा पाएपछि त्यसको समर्थन मात्र गरेको हो भनी उहाँले देख्नुभयो। त्यसैले लन्डन मिशन सोसाइटीको आग्रहमा नभएर आफूभित्र आफूले महसुस गर्ने दायित्वलाई पछ्याएर यहूदीहरूको बिचमा सेवा गर्न म्युलर तयार हुनुभयो, र काम आफ्नै ठाउँबाट सुरु गर्नुभयो। सहरमा लिन इच्छुक भएका व्यक्तिहरूलाई पर्चा बाँड्न थाल्नुभयो। उहाँले हरेक हप्ता आफूकहाँ आउने लगभग ५० यहूदीहरूलाई धर्मशास्त्र सिकाउन सुरु गर्नुभयो। लन्डन मिशनरी सोसाइटीलाई उहाँले कुनै पनि तलब नलिईकन आफूलाई परमेश्वरले देखाउने समयमा र ठाउँमा सेवा गर्ने अनुमति पाए मात्र आफूले तिनीहरूसँग मिलेर सेवा गर्न सकिन्छ भन्ने कुरालाई बताउनुभयो। उहाँको यो निर्णय अस्वीकार भएकोले सोसाइटीसंगको उहाँको सम्बन्ध टुट्यो, तर तिनीहरूको बिचमा भातृ प्रेम रहिरह्यो।

## अध्याय - ३

# पास्टरीय सेवकाइ

सन् १८३० मा टेइग्न्मोथ (Teignmouth) भएको एबेनेजर मण्डलीमा पास्टरीय सेवकाइ गर्नको लागि निमन्त्रणा आयो। आफू अनिच्छुक हुँदा पनि १८ जना भएको मण्डलीमा आफ्नो पास्टरीय सेवकाइ सुरु गर्नुभयो, तर सङ्कोचको कुराचाहिँ अङ्ग्रेजी भाषामा भएको उहाँको कमजोरीपन थियो। त्यो कुरा उहाँलाई भेट्नेहरूको लागि बाधाको रूपमा थियो। उहाँको सोझो प्रचार धेरै जनालाई सुन्न अप्ठ्यारो लाग्थ्यो। "औपचारिक रूपमा अस्वीकार हुञ्जेल म यहाँ नै रहन्छु" भन्ने निर्णय उहाँले गर्नुभयो। कुनै मानिसहरू मण्डली छोडेर गए र फर्केर आएनन्, कुनै मानिसहरू आए जो पहिले मण्डलीमा आउँदैन थिए; तर पापीहरूलाई परिवर्तन गराएर परमेश्वरले उहाँको कामलाई अनुमोदन गर्नुभयो। यी समयहरूमा नै उहाँले स्काटीस् देशको हेब्रेस्ट हेन्ड्री क्राइक (Hebraist Henry Craik) भन्ने व्यक्तिलाई भेट्नुभयो, जो भविष्यमा उहाँसँग घनिष्ठ सम्बन्धमा रहेर उहाँको सेवामा सहभागी हुन गइरहनुभएको थियो।

प्रचार गर्ने तरिकाको बारेमा म्युलरले बताएको कुराले हामी सबैलाई असल पाठ सिकाउँछ। "सुन्नेहरूलाई के असल हुन्छ भन्ने अनुमान गर्नुभन्दा मैले बोल्नु पर्ने विषय के हो, अथवा कुन वचनबाट प्रचार गर्नुपर्ने हो भनी परमेश्वरलाई मागेर प्रार्थना गर्छु। धेरै समयहरूमा म प्रार्थना गर्नु अघि कुनै पनि विषय मेरो मनमा हुँदैन, यसै समयहरूमा म उत्तरको लागि आफ्नो घुँडा टेकिरहन्छु, र आत्माको आवाज सुन्नको लागि म कोसिस गर्छु। म उहाँसँग व्यक्तिगत रूपमा समय बिताएको हुन्छु, र उहाँले मलाई सधैँ नै प्रचार गर्न सहायता गर्नुहुन्छ। एउटा प्रचारकले मण्डलीमा भएको हरेक व्यक्तिको मन थाहा पाउन सक्दैन, साथै तिनीहरूले के सुन्नुपर्ने हो त्यो पनि उसलाई थाहा हुँदैन, तर परमेश्वरले यी सबै जान्नुहुन्छ। एउटा प्रचारकले आफ्नो सो ज्ञान त्याग्छ भने उसले परमेश्वरको सहायता पाउँछ, तर उसले आफ्नो ज्ञानअनुसार कुनै पनि एउटा विषय बोल्ने निर्णय गर्छ भने, उसको कामको



म्युलर जन्म घर



म्युलरकी श्रीमती मेरी ग्रुवस

फल थोरै भएको देखेर चकित हुन परेन। मेरो मुख्य सहायक प्रार्थना हो। प्रार्थना र अध्ययनमा समय नबिताउने जसले पनि आफ्नो मेहनतको फल असल हुने आशा गर्नुहुँदैन। म पूरै आफैलाई परमेश्वरको हातमा दिन्छु, र उहाँले मलाई एकान्तमा सिकाएका कुरालाई स्मरण गर्न सहायता गरून् भनेर उहाँलाई बिन्ती गर्छु, उहाँले सधैँ इमान्दारसाथ त्यो गर्नु पनि भयो, र धेरै कुरा सिकाउनुभयो। मण्डलीमा प्रचार गर्नुभन्दा साझा जनसमुदायको बिचमा परमेश्वरको वचनको सेवा गर्न तयार हुनु अति उत्तम हुन्छ। परमेश्वरसँगको सम्बन्धमा घनिष्ठ रहेर बारम्बार बाइबल अध्ययन गर्ने बानी बसालेर जिउने जीवनको इनाम छुट्टै छ।"

**विवाहः**

सन् १८३० अक्टोबर महिनामा म्युलरको विवाह दाँत चिकित्सक ग्रुवसको बहिनी मेरी ग्रुवससँग भयो। मेरी एउटी असल परमेश्वरको दासी थिइन्। उनलाई जर्जको विश्वास आधारित सिद्धान्तहरूलाई स्वीकार गर्नु गाह्रो भएन, त्यो जीवन कठिनाइपूर्ण र गाह्रो जीवन हुन्छ भन्ने उनी जान्थिन्। जर्जसँगको विवाहद्वारा आफ्नो जीवनमा चाल्नुपर्ने विश्वासको कदमलाई उनले खुसीसाथ स्वीकार गरिन्। उहाँहरूको दाम्पत्य जीवन सुरु भएको समयदेखि नै उहाँहरूले आफैलाई इन्कार गरेर स्वेच्छाले दरिद्रतामा जिउने निर्णय गर्नुभयो, र जीवनको अन्तसम्म त्यो निर्णयको बारेमा कहिल्यै पछुताएको कुरा उहाँहरूको जीवनमा पाइँदैन।

एक वर्ष पछि मेरीले एउटा मरेको बच्चा जन्माइन् र उनी आफै पनि झन्डै मृत्युको मुखमा पुगिन्। यो अनुभवले जर्जको जीवनमा एउटा ठुलो असर पार्‍यो। उहाँकी श्रीमती मृत्युको मुखमा परेको कारण होइन, तर आफूचाहिँ बुबा हुने कुरामा खुसी नभएर, भित्री रूपमा आफूले अर्को व्यक्तिलाई पनि खुवाउनु परेको हुन्छ, र परमेश्वरको कामको पैसा यस्तै कुराहरूमा प्रयोग हुन पुग्छ भनेर भित्री रूपमा आफूले दुःख मानेको कारण हो। आफूमा स्वार्थ भएको र पवित्र विवाह र परमेश्वरले दिएको अभिभावकको जिम्मेवारीलाई तल्लो नजरले हेरेको कारण साह्रै दुःखित बन्नुभयो, र त्यसपछिका समयहरूमा यो भूल कहिल्यै गर्नुभएन।

**रुपैयाँ पैसाको कारोबार / आर्थिक सिद्धान्त:**

सन् १८३० म्युलरको लागि एउटा मुख्य वर्ष थियो। जुन सालमा उहाँले रुपैयाँ पैसाको कारोबारसम्बन्धी नियमहरू आफ्नो हृदयमा बनाउनुभएको थियो। जुन कुराहरूले उहाँको जीवनको अन्तसम्म जगको रूपमा काम गर्‍यो। उहाँले आफ्नो जीवनमा सेवकको रूपमा गरेको ईश्वरीय सेवाको लागि कुनै पनि तलब नलिने र आफ्नो सबै आर्थिक आवश्यकताको लागि परमेश्वरमाथि नै भरोसा राख्ने निर्णय गर्नुभयो। तलब लिनुचाहिँ अरूको जीवनमा बोझ थप्ने र अरूलाई विशेष गरिबहरूलाई बन्धनमा राख्ने काम हो भनेर विश्वास गर्नुहुन्थ्यो। उहाँले यसो भन्नुभएको थियो "जसले पनि खुसीसाथ मलाई सहायता गर्नको लागि दिन सक्छ, जहाँसम्म निर्णय उसको हुन्छ। उसलाई अरू खर्च हुँदा उसले खुसीसाथ दिँदैछ कि अथवा करकापमा दिँदैछ कि मलाई थाहा हुँदैन, परमेश्वरले खुसीसाथ दिनेलाई प्रेम गर्नुहुन्छ। धेरै पटक आफूलाई तलब दिने व्यक्तिको चित्त दुख्ने डरले परमेश्वरका दासहरूले सम्झौता नगरीकन वचन प्रचार गर्न सकिरहेका छैनन्।" यसैकारण म्युलरले निर्णय गर्नुभयो कि आफूलाई दिनेहरूले स्वेच्छामा दिए मात्र लिने निर्णय गर्नुभयो। आफूलाई दिनेहरूबाट पैसा सबैको अगाडि, हातमा लिने इच्छा नभएको कारण, एउटा बक्सा बनाएर मण्डलीको पछाडि राख्नुभयो, यसले गर्दा दिने व्यक्तिहरूले परमेश्वरले मात्र देख्ने गरी दिन्छन्, र यसले घमन्डको पापमा लड्ने सम्भावना कम हुन्छ।

TCG Mission

साथै म्युलरले कसैबाट पैसा नमाग्ने निर्णय गर्नुभयो। उहाँले आफ्नो आर्थिक खाँचोको बारेमा साङ्केतिक रूपमा पनि कसैलाई थाहा नदिने निर्णय गर्नुभयो। आफ्नो आर्थिक र भौतिक कुराहरूको लागि बिन्ती परमेश्वरलाई मात्र चढाउनुहुन्थ्यो। उहाँले लेख्नुभएको थियो, "मलाई मेरो तलब छोड्ने निर्णय गर्नको लागि चाहिएको अनुग्रहभन्दा बढी अनुग्रहको आवश्यकता भएको थियो।"

उहाँको यो आर्थिक सिद्धान्त बुझाउनको लागि हामीले उहाँ आफैले लेखिराखेको एउटा घटना हेर्न सक्छौँ, जुन बेला उहाँहरूका हातमा थोरै सिक्काहरू मात्र बाँकी थिए। "मैले चर्चको सहकर्मीहरूलाई मेरो निम्ति

राखेको त्यो बाक्सामा जम्मा भएको पैसालाई हरेक हप्ता ल्याइदिने अनुरोध गरेको थिएँ, तर उहाँहरू कोही बेला सो गर्न बिर्सनुहुन्थ्यो, कोही बेला पैसा थोरै भएकोले मकहाँ ल्याउन गाह्रो मान्नुहुन्थ्यो। प्रायःजसो ३–५ हप्ताको एक पटक पैसा बाकसबाट झिक्ने गर्नुहुन्थ्यो। म मानिसहरूमाथि वा बक्सामाथि भरोसा राख्न चाहँदिनँ, तर परमेश्वरमाथि मात्रै भरोसा राख्छु भनी उहाँहरूलाई बुझाएको थिएँ। यसैले पैसा हप्तैपिच्छे निकाल्नको लागि नसम्झाउने निर्णय मैले गरेँ, ताकि मैले परमेश्वरमाथि मात्र भरोसा राख्ने जीवनको गवाहीलाई त्यसले बाधा नदिओस्। एक दिन जनवरी २८ तारिख हाम्रो हातमा थोरै मात्र पैसा थियो। चार दिन अघि नै एक जना विश्वासीले मलाई दिनको लागि त्यो बाक्साबाट पैसा निकालेको देखेको थिएँ, तर भए पनि उहाँलाई पैसा नमाग्ने निर्णय गरेँ। हाम्रो घरको चुलोको आगो निभ्नै लाग्दा, मैले परमेश्वरलाई प्रार्थना गरेँ कि त्यो व्यक्तिको हृदयमा परमेश्वरले काम गरून्, र त्यसले पैसा ल्याइदिओस्। थोरै समयमा नै त्यो पैसा हाम्रो हातमा आइपुग्यो, र हामीले हाम्रा खाँचोहरूलाई पूरा गर्‍यौँ।"

म्युलरको दैनिकीअनुसार उहाँको विश्वास धेरै पटक विश्वासको पूरा नापसम्म जाँचिएको थियो। धेरै पटक एक सिक्का पनि नभएको अवस्थामा म्युलरको हात रित्तो हुन्थ्यो, तर कुनै पनि दिन खाँचो भएको अवस्थामा नै अन्त भएन। पटक–पटक उहाँहरूलाई चाहेको पैसा ठिक चाहे अनुसार नै प्राप्त भएको उहाँको दैनिकीमा हामीले देख्न सक्छौँ, जति बढी उहाँ प्रार्थनामा जानुभयो त्यति नै उहाँका सबै खाँचोहरूको लागि परमेश्वरमाथि भरोसा राख्दा पाउने महान् आशिष्को बारेमा थाहा पाउनुभयो।

हुन त धेरै जना मानिसहरूले म्युलरलाई, उहाँको जीवनशैली, जसमा उहाँले आफ्नो दैनिक आवश्यकताको लागि परमेश्वरलाई माग्नुहुन्थ्यो, त्यसको बारेमा यसरी गर्दा जीवनमा मुख्य भएको आत्मिक आवश्यकताहरू भुलिन्छ भनेर कुरा काटे। उहाँले जवाफ दिनुभयो, "मेरो दैनिक आवश्यकताको लागि परमेश्वरमाथि भरोसा राख्दा, मैले प्राप्त गर्ने तलबले मेरो महिनाभरिका खर्चहरूको लागि पुग्छ कि पुग्दैन, र अर्को महिनाको लागि म के गरूँ ? भन्ने चिन्ताहरूबाट म छुटकारा पाउँछु, त्यो स्वतन्त्रतामा म भन्न सक्छु कि मेरो परमेश्वर सीमित हुनुहुन्न। उहाँलाई मेरा वर्तमान

TOC Mission

आवश्यकताहरू थाहा छ, र मेरा सबै खाँचोहरू पूरा गर्न सक्नुहुन्छ। यो कुराले मलाई चिन्तित नभईकन शान्तिसँग जिउन सहायता गर्छ।"

उहाँको विश्वासको जीवनको पहिलो वर्षको अन्तमा उहाँले गवाही दिएर भन्नुभयो, "परमेश्वरले मेरा सबै दैनिक खर्चहरू प्रशस्त मात्रामा पूरा गरी दिनुभयो। सुरुमा मानवीय रूपमा एउटा सिक्का पाउने सम्भाव्यता पनि थिएन। तापनि विवेकअनुसार काम गरी परमेश्वरको अगाडि असफल कहिल्यै भएको थिइनँ। परमेश्वरले प्रशस्त मात्रामा मलाई आशिष् दिनुभयो, र आफूलाई होच्याएर मजस्तो व्यक्तिलाई पनि उहाँको काममा प्रयोग गर्नुभयो।"

उहाँको जीवनको अर्को एउटा नियमचाहिँ  कहिल्यै पनि आफूलाई ऋणमा पर्न नदिनु हो। उहाँले सबै थोकको कारोबार नगदमा नै  गर्नुहुन्थ्यो, त्यस्तो गर्न नसक्दा, ती थोकहरूविना नै जिउनुभयो। उहाँले कहिल्यै पनि ऋण लिनुहुन्नथ्यो, र यसैले उहाँ कसैको कुनै पनि कुरामा ऋणी हुनुहुन्नथ्यो।

उहाँको हातमा आएको हरेक पैसा आफ्नै तोकेको कामको लागि हुन्छ भनी मान्नुहुन्थ्यो र कुनै पनि कामको लागि छुटाएको पैसालाई अरू आकस्मिक काममा प्रयोग गर्नुहुँदैन भन्ने मान्यता पनि उहाँमा थियो। उहाँले कहिल्यै पनि अपर्झट आउने घटनाको लागि भनेर पैसा बचत गर्नुहुन्न थियो। उहाँले यसरी भन्नुहुन्थ्यो, **"परमेश्वरले नदेखेको कुनै आकस्मिक घटना छैन नता उहाँले पूरा नगरेको खाँचो नै छ।"**

उहाँले यी सिद्धान्तहरूलाई बुद्धि र होसियारीसाथ आफ्नो जीवनमा अपनाउनुभयो, जुन कुरा उहाँको जीवनको चिन्ह भयो। उहाँले विवेकलाई धेरै मुख्य ठान्नुहुन्थ्यो। जसलाई परमेश्वर र मानवको अगाडि पैसा र भौतिक सम्पत्ति सम्बन्धित हरेक कुरामा चोखो राख्ने निर्णय गर्नुभएको थियो। स्वाभाविक रूपमा एउटा मानव जति विवेक आधारित जीवन जिउँछ त्यति नै जर्ज म्युलर विश्वासमा आधारित जीवन जिउनुभयो। यसरी नै उहाँले विश्वास र भरोसा परमेश्वरमा राख्नुभयो, साथै आफ्नो वरिपरि रहेका मानिसहरूसँग सत्यता र विश्वासयोग्यतामा जिउनुभयो।

TOG Mission

सन् १८३२ मा म्युलरले आफ्नो साथी हेन्ड्री क्राइक (Hemry Craik) बाट एउटा चिठ्ठी प्राप्त गर्नुभयो, जो हालै मात्र नयाँ सुसमाचारीय काम गर्नको लागि (Bristol) बृष्टल सागरमा सर्नुभएको थियो। उहाँले म्युलरलाई आफूसँग मिलेर काम गर्ने निमन्त्रणा दिनुभयो। म्युलरले जवाफ दिएर लेख्नुभयो, "म परमेश्वरको इच्छा यसमा छ भन्ने देखेँ भने आउँछु।" धेरै प्रार्थना र गहिरो सोचाइ पछि यो निमन्त्रणालाई परमेश्वरको अगुवाइ हो भनी स्वीकार गर्नुभयो। उहाँ र क्राइक दुवै जना मिलेर बृष्टलमा भएका दुई वटा मण्डलीहरूमा पास्टरीय सेवकाइ सुरु गर्नुभयो, जुनचाहिँ त्यति बेला भर्खरै जन्मेको ब्रदरन (Brethren) सम्प्रदायको थियो। उहाँको साढे २ वर्षका आर्थिक सिद्धान्तहरू, जुनचाहिँ उहाँ टेइन्मोथ हुँदा अपनाउनुभएको थियो, त्यही कुरालाई अहिले नयाँ सुरु गरेको काममा पनि अपनाउनुभयो। मण्डलीहरू भीडले भरियो, र मानिसहरू नयाँ गरी जन्मेर समूहमा परमेश्वरको राज्यमा प्रवेश गरे। म्युलरले त्यति बेलाका समयहरूमा यसरी लेख्नुभयो, "ख्रीष्टको बारेमा सोधपुछ गर्नेहरूको सङ्ख्या बढ्यो, त्यस्ता बैठकहरूको समय लम्बिँदै गयो, चार घण्टाभन्दा बढी। यस्तै क्रम धेरै पटक भयो, सेवकहरूको (म्युलर र क्राइक) समय र शक्ति नभएकाले धेरै जनालाई फर्काउनुपर्थ्यो।" कुनै आठ वर्षसम्म, बृष्टलमा भएका यी मण्डलीहरू गिदोन र बेथेस्दा, एउटा आत्मिक जागृति र नवीकरणको ठाउँ बन्न पुगे, जसको पछाडि म्युलर र क्राइकको शक्तिशाली प्रचार थियो।

TOG Mission

**अनाथहरूको पालन पोषण:**

बृष्टलमा काम सुरु गरेको एक वर्षभित्र नै त्यो सहरका सडकहरूमा घुमी हिँड्ने गरिब बच्चाहरूको सङ्ख्या उहाँको फिक्रीको कुरा बन्न पुग्यो। उहाँले तिनीहरूलाई बिहान ८ बजे जम्मा गरी बिहानको खाजा बाँड्न थाल्नुभयो। त्यसपछि डेढ घण्टा तिनीहरूलाई बाइबलबाट पढेर सुनाएर पढ्न सिकाउनुभयो। समय बित्दै जाँदा ३०/४० जना बच्चाहरूलाई खुवाउने गर्नुभयो। सङ्ख्या बढ्दै जाँदा परमेश्वरबाटको स्रोत पनि बढ्दै गयो, तापनि वरिपरिका छिमेकीहरूले सधैँ आफ्नो ठाउँमा यी भिखारी नानीहरू घुमिरहेका देखेर उनीहरूले यो कामको विरोध गरे, र काम केही समयको लागि रोकियो।

## अध्याय - ४

# स्क्रीप्चुरल नलेज इन्स्टिट्यूशन

सन् १८३४ फेब्रुअरी २१ मा म्युलरले लेख्नुभयो, “आज बिहान धर्मशास्त्रमा आधारित भएको सुसमाचारलाई स्वदेश र विदेशमा प्रचार गर्नको लागि एउटा संस्था स्थापना गर्ने अगुवाइ भयो। म विश्वास गर्छु, यो परमेश्वरबाट आएको हो।” यसरी नै म्युलर र क्राइकले The Scripural Knowledge Institution for home and Abroad भन्ने संस्था स्थापना गरेँ।

संस्थाका सिद्धान्त र उद्देश्यहरू निम्नअनुसार थिए, जसलाई ध्यानसित तयार गरेका थिए।

(क) हरेक विश्वासी ख्रीष्टको काममा सहायता गर्न बाँधिएको छ।
(ख) हामी कुनै पनि उद्धार नपाएको, जतिसुकै धनी र उच्च ओहोदामा भएका मानिसहरूको सहायता माग्दैनौँ। परमेश्वरको नाउँमा नै हामी आफ्नो झण्डा खडा गर्छौं।
(ग) हामी नामधारी विश्वासीहरूलाई पैसा माग्दैनौँ।
(घ) हामी संस्थाको व्यवस्थापनमा अविश्वासीहरूको सहायतालाई इन्कार गर्छौं।
(ङ) हामी ऋण लिएर आफ्नो कामलाई विस्तार गर्दैनौँ तर गुप्तमा गरिने प्रार्थनाद्वारा मात्र नै हामी आफ्नो संस्थाको आवश्यकतालाई परमेश्वरको अगाडि लान्छौँ अनि उहाँले दिने स्रोतअनुसार नै काम गर्छौं।
(च) हामी आफ्नो संस्थाको सफलता, पाएको पैसा अनुसार नाप्दैनौँ तर काममा परमेश्वरले दिनुभएको आशिष् अनुसार नाप्छौँ।
(छ) हामी सरल रूपमा धर्मशास्त्रमा आधारित भएर संस्थालाई अगाडि बढाउँछौँ, कुनै पनि गलत सिद्धान्तसंग सम्झौता गर्दैनौँ।

**संस्थाका ३ मुख्य उद्देश्यहरू :-**

(क) बाइबल आधारित शिक्षा दिने विद्यालय, बालसंगति र बाइबल

TOG Mission

आधारित प्रौढ कक्षा स्थापना गर्ने,

(ख) धर्मशास्त्र वितरण गर्ने,

(ग) विश्वभरि हुने मिशनरी कामलाई सहायता गर्ने,

संस्था स्थापना गरेको २ दिन पछि म्युलरले यसरी लेख्नुभयो, "आज हाम्रो हातमा एक सिक्का मात्र छ।" त्यो एक सिक्का तिनीहरू दुई जना प्रचारक र तिनीहरूको परिवारको लागि थियो। उनीहरूलाई निरन्तर रूपमा सहायता गर्ने कोही थिएनन्, कुनै समिति पनि थिएन, र संस्थाको लागि कुनै सदस्य पनि थिएनन्।

म्युलरले आफ्नो संस्था अथवा पाठशालाको उद्देश्य अनुसार, बृष्टलका मानिसहरूलाई घरीघरी भेट्न जानुभयो। "म ओरेन्ज गल्लीमा बसोबास गर्ने मानिसहरूको घर–घरमा गएँ। तिनीहरूले पढ्न लेख्न सक्छन् कि घरमा कसैलाई बाइबलको आवश्यकता छ कि अथवा तिनीहरूले आफ्नो घरका बालबालिकाहरूलाई सण्डे स्कुलमा पढाउन चाहन्छन् कि भनी बुझ्थेँ। यसरी गर्दा तिनीहरूको आत्माको बारेमा छलफल गर्ने मौका पाउँथेँ, त्यो मेरो लागि खुसीको कुरा थियो।"

संस्थाको पहिलो ७ महिनामा नै ४८२ वटा बाइबल र ५२० वटा नयाँ करार वितरण गरिएको थियो, र ५७ पाउण्ड (आजको ने.रु.मा ११ लाख १५ हजार हुन्छ) पैसा मिशनरी कामको लागि विदेशमा पठाइएको थियो। म्युलरको हृदयमा मिशनरीहरूप्रति फिक्री सधैँ भइरहन्थ्यो। सन् १८३५ मा उहाँले आफ्नो दैनिकीमा लेख्नुभयो। "म मिशनरीको कामको लागि इस्ट इन्डिजमा जानु परमेश्वरको इच्छा हो कि होइन भन्ने कुरा पक्का गर्न धेरै प्रार्थना गरेँ, त्यस ठाउँमा जान म पूर्ण रूपमा तयार थिएँ। मिशनरी कामको लागि कलकत्ता (भारत) जाने इच्छा ममा जाग्यो, र मैले त्यसको लागि पनि धेरै प्रार्थना गर्थेँ। परमेश्वरले मलाई ठिक अगुवाइ दिऊन्।"

यस बिचमा बृष्टलमा भएका अनाथ बच्चाहरूको फिक्री उहाँको हृदयबाट हटेको थिएन। सन् १८३५ को नोभेम्बर २० मा उहाँले लेख्नुभयो, "आज म धेरै नै खुसी भएँ, अबदेखि अनाथ आश्रम स्थापना गर्ने कुराको

बारेमा सोचेर मात्र नबसीकन, सुरु गर्नुपर्छ भन्ने प्रभाव ममा बलियो रूपमा पाऱ्यो। यो कुराको बारेमा परमेश्वरको इच्छा पक्का गर्नको लागि म धेरै नै प्रार्थना गरिरहेको थिएँ।" अनाथ बच्चाहरूलाई स्थायी रूपमा पाल्नुको साथै तिनीहरूका भौतिक र आत्मिक आवश्यकताहरूको लागि पनि फिक्री गर्नुपर्छ भन्ने बोझ उहाँमा बढ्दै गयो। उहाँले आफ्ना यी फिक्रीहरूलाई परमेश्वरको अगाडि राख्नुभयो, र उहाँभित्र भएको इच्छा परमेश्वरबाट आएको हो कि अथवा आफ्नै मनबाट उब्जेको गलत अगुवाइ हो भनी छुट्याउन परमेश्वरलाई खोज्नुभयो।

## अनाथ आश्रम

यो परमेश्वरबाट आएको हो भन्ने पक्का गरिसकेपछि सन् १८३५ को डिसेम्बर महिनामा अनाथ आश्रम खोल्ने प्रस्तावलाई सबैको अगाडि राख्नुभयो। उहाँले भजनसंग्रह ८१:१०..... "तिमीहरूको मुख पूरा खोल, र म त्यो भरिदिनेछु" भन्ने पद पढ्दै हुनुहुन्थ्यो, र त्यसले उहाँलाई उत्साहित बनायो, र उहाँ निश्चित हुनुभयो कि आफ्नो साहसपूर्ण विश्वासको कदममा परमेश्वरले चाहेको सबै थोक जुटाउनुहुन्छ। उहाँले भन्नुभयो, "यो वचनलाई अनाथ आश्रम सुरु गर्नुमा प्रयोग गर्न अगुवाइ भयो, र मैले भवनको लागि १००० पाउण्ड पैसा, र नानीहरूको हेरचाह गर्नको लागि चाहेका कामदारहरूको लागि प्रार्थना गरें", धर्मशास्त्रको त्यो खण्ड उहाँको जीवनको लागि मुख्य जग भयो, जसद्वारा नै उहाँले जीवनभरि आफ्नो आवश्यकताको लागि परमेश्वरमाथि भरोसा राख्न सहायता पाउनुभयो। अनाथ आश्रम खोल्नुको प्राथमिक कारणचाहिँ परमेश्वरको विश्वासयोग्यतालाई प्रकट गराउनलाई हो भन्ने कुरालाई उहाँले स्पष्ट पार्नुभयो। उहाँले यसो भन्नुभयो, "यो कामको प्राथमिक उद्देश्य परमेश्वरलाई महिमा दिनु हो, किनभने मेरो वास्तामा रहने यो बच्चाहरूको पालनपोषण प्रार्थना र विश्वासद्वारा गरिन्छ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, र प्रार्थनालाई सुन्नुहुन्छ भन्ने कुरालाई सबैले थाहा पाउनेछन्।"

म्युलरले, सहायताको लागि कुनै पनि ठाउँमा माग नराखे तापनि पहिलो भेटी र फर्निचर एक हप्ताभित्र नै आइपुग्यो। अनाथ आश्रम संस्थाको एउटा

अङ्ग थियो, तर भए पनि जुन भेटी त्यसको लागि भनेर छुट्याएर पठाएको हुन्छ, त्यो मात्रै अनाथ आश्रमको लागि प्रयोग गरिन्थ्यो। आमा बुबा नभएकोले जिउने सहारा नभएको ७–१२ वर्ष उमेर भएका बालबालिकाहरूलाई मात्र अनाथ आश्रममा राखिन्थ्यो। यो सेवामा आफ्नो श्रम दिने मानिसहरूको लागि धेरै समय पर्खिनु परेन। एउटा दम्पतीले म्युलरलाई यसरी चिठ्ठी लेख्नुभयो, "तपाईंले सुरु गर्न लागेको अनाथ आश्रमको लागि हाम्रो सेवालाई योग्य ठान्नुभयो भने हामी आफैलाई दिन्छौँ, साथै हामीलाई परमेश्वरले दिनुभएको फर्निचर, र घरका सबै बाँकी सामानहरू पनि यो कामको लागि दिन्छौँ। हामीलाई यो काममा प्रयोग गर्नु परमेश्वरको इच्छा हो भने हाम्रा सबै आवश्यकताहरू उहाँले नै पूरा गर्नुहुन्छ भन्ने विश्वाससहित कुनै पनि तलबको इच्छा नराखीकन हामी यो सेवामा आफैलाई दिन्छौँ।" म्युलरको हृदयअनुसारका मानिसहरू यी दुई जना थिए।

अनाथ आश्रमको हरेक कुरालाई धेरै सावधानी साथ प्रार्थनाद्वारा परमेश्वरको उपस्थितिमा ल्याइन्थ्यो (भवन, फर्निचर, रासन, पैसा र कामदारहरू)। अनाथ आश्रम सुरु हुने समय भइसकेको हुँदा म्युलर झसङ्ग हुनुभयो; त्यो समयसम्म अनाथ नानीहरू राखिदिनको लागि कुनै पनि निवेदन आएको थिएन। उहाँसँग सबै कुरा थियो, तर अनाथ बच्चाहरू भने थिएनन्। म्युलर र उहाँका सहकर्मीहरू कसैलाई कहिल्यै पनि बच्चाको लागि प्रार्थना गर्नुपर्छ भन्ने सोच आएन, तिनीहरूले बच्चाहरू आइहाल्छन् भनी यो कुरालाई हल्का सोचे। म्युलरले भन्नुभयो, "म यो काम सम्बन्धित सबै कुरा, भवन, पैसा, फर्निचर, कामदार र अरू सबै थोकको लागि प्रार्थना गरेँ, तर अनाथहरू पठाउनुहोस् भनेर कहिल्यै पनि प्रार्थना गरिनँ।" आफूलाई धेरै होच्याएर तिनीहरू परमेश्वरको उपस्थितिमा गए, परमेश्वरले जसलाई वास्ता गर्न चाहनुभएको थियो तिनीहरूलाई पठाइदिऊन् भनेर प्रार्थना गरे।

भोलिपल्ट नै पहिलो निवेदन आयो, सन् १८३६ अप्रिल महिना दीन दुःखी बालिकाहरूलाई राख्ने पहिलो आश्रम त्यो सहरमा सुरु भयो। एक महिनाभित्र नै २६ जना बालिकाहरू त्यहाँ भर्ना भइसकेका थिए, अझै धेरै जनाबाट निवेदन आएको थियो। नोभेम्बर महिना दोस्रो आश्रम पनि सुरु

भयो, एक वर्षको अन्तमा म्युलरले लेख्नुभयो, "डिसेम्बर ३१ मा हामीले वर्षभरिको परमेश्वरको अनुग्रह र सहायताको लागि धन्यवाद दिन प्रार्थना सभा राख्यौँ, साथै आउँदा समयहरूमा पनि उहाँको निरन्तर निगाहको लागि प्रार्थना गर्‍यौँ, अर्को वर्षको अप्रिल महिनाभित्र दुवै आश्रममा जम्मा ६० जना बालिकाहरू भए। त्यही वर्षको अक्टोबर महिनाभित्र केटाहरूको लागि तेस्रो आश्रम पनि सुरु भयो।"

यी समयहरूमा आश्रमको साथसाथै SKI को काम पनि सफल हुँदै गयो। ४ वटा विद्यालयहरू सुरु भए, १००० जनाभन्दा बढी विद्यार्थीहरू अध्ययनरत थिए, ४००० भन्दा बढी धर्मशास्त्रहरू वितरण गरियो। संस्था, अनाथ आश्रम र पास्टरीय सेवकाइको बोझले झन् बढी म्युलरलाई प्रार्थनामा लग्यो। व्यक्तिगत रूपमा परमेश्वरसँग समय बिताउनु कति आवश्यक रहेछ भन्ने कुरालाई उहाँले नयाँ तरिकाले बुझ्नुभयो। प्रार्थना गर्न नसक्ने गरी आफूलाई कहिल्यै व्यस्त हुन नदिने निर्णय गर्नुभयो। गुप्त रूपमा परमेश्वरसँग एकान्तमा समय बिताउन आफूलाई नलुकाउने व्यक्ति सबैको अगाडि साझा ठाउँहरूमा मानिसहरूको बिचमा हिँडडुल गर्न अयोग्य हुन्छ भन्ने कुरामा उहाँ निश्चित हुनुभयो। उहाँले धेरै व्यस्त भएका मानिसहरूलाई सधैँ भन्नुहुन्थ्यो कि उचित समय परमेश्वरसँग बिताउनुपर्छ। म्युलरअनुसार एक घण्टाको प्रार्थना पछि गरिने ४ घण्टाको कामले प्रार्थना नगरीकन गरेको ५ घण्टाको कामभन्दा बढी सफलता ल्याउँछ। म्युलरले भन्नुभयो, "परमेश्वरको आशिष् र पवित्र आत्मा भन्ने शीतले भिजाएको सेवा परमेश्वरको अगाडि बढी ग्रहणयोग्य र मानिसहरूलाई बढी लाभ दिने सेवा हुन्छ।"

### परमेश्वरको इच्छा जान्नु

धेरै जनाले म्युलरलाई सोध्थे कि हरेक परिस्थितिमा परमेश्वरको इच्छा कसरी जान्नु ? उहाँले जवाफ दिनुभयो।

(क) दिएको कुरामा, मेरो हृदयलाई कुनै पनि स्वेच्छा नभएको अवस्थामा लैजान परमेश्वरलाई सहायता माग्छु। परमेश्वरको इच्छा जे भए

पनि त्यो गर्न हाम्रो हृदय तयार हुँदा १० भागमा ९ भाग कठिनाइहरूलाई पार गर्न सक्छ, यो अवस्थामा पुगिसकेपछि उहाँको इच्छा के हो भन्ने ज्ञान पाउनु धेरै नजिकको कुरा हो।

(ख) यो गरिसकेपछि मेरो निर्णय भावना अथवा अरू कुनै पनि थोकको प्रभावद्वारा हुन दिन्नँ। त्यस्तै गरेँ भने म आफूलाई भ्रममा पार्ने अवस्थामा पुऱ्याउँछु।

(ग) परमेश्वरको वचनमा आधारित भएर वा वचनद्वारा परमेश्वरको आत्माको इच्छा के हो भनी खोज्छु। त्यो परमेश्वरको आत्मा र वचन दुवैमा मिल्नुपर्छ। परमेश्वरको वचनलाई छोडेर पवित्र आत्माको अगुवाइ मात्र खोजेँ भने म आफै भ्रममा पर्न सक्ने वातावरण सिर्जना गर्छु।

(घ) त्यसपछि, म त्यो कुराको लागि चाहेको स्रोत जुटेको हो कि होइन भन्ने कुरामा ध्यान दिन्छु। यसले सरल रूपमा परमेश्वरको वचन र आत्मासँग मेल खाएर उहाँको इच्छालाई प्रकट गराउँछ।

(ङ) म परमेश्वरलाई उहाँको इच्छालाई सही प्रकारले प्रकट गराउन बिन्ती गर्छु।

(च) यसरी परमेश्वरलाई गरिने प्रार्थना, र उहाँको वचनको अध्ययनद्वारा मेरो क्षमता र ज्ञानअनुसार एक असल निर्णय गर्छु, योसम्बन्धी दुई वा तीन प्रार्थनाका समयहरूपछि पनि मेरो मनमा शान्ति रह्यो भने म त्यो काममा अघि बढ्छु। यसरी नै सानो कुरादेखि महत्त्वपूर्ण निर्णयहरूसम्म म परमेश्वरको इच्छा खोजेर अगाडि बढ्छु, र यो तरिका सधैँ नै प्रभावकारी भएको मैले देखेको छु।

म्युलरले जीवनको अन्तमा गवाही दिनुभयो, "यसरी नै सधैँ पवित्र आत्माको शिक्षा र परमेश्वरको वचन भन्ने औजारले ममा गरेको काम अनुसार इमानदारीता र धैर्यसाथ परमेश्वरको इच्छा खोज्थेँ, र सधैँ नै सही अगुवाइ पाउँथेँ; तर मेरो हृदयको इमानदारीता र परमेश्वरको अगाडि मेरो

विश्वासयोग्यतामा कुनै घटी भयो भने, अथवा परमेश्वरको आदेशलाई धैर्यसाथ पर्खिनँ भने, मेरा साथीभाइहरूको सरसल्लाहलाई परमेश्वरको वचनभन्दा बढी प्राथमिकता दिएँ भने, मैले ठुलो भूल गरेँ।"

**३ वटा किताबहरू:**

म्युलर २० वर्षको हुँदा, ३ वटा किताबहरूले उहाँलाई गहिरो रूपमा प्रभाव पारेका थिए।

(१) ए.एच फ्रान्के (A.H. Franke) को जीवन-गवाही, जसले हेलमा अनाथ आश्रम स्थापना गर्नुभएको थियो। जर्मनमा उहाँले गर्नुभएको कामको विवरण पढ्दा म्युलर धेरै उत्साहित हुनुभयो, र त्यसले उहाँलाई साहससाथ विश्वासको कदम उठाउन र बृष्टलमा काम सुरु गर्न प्रोत्साहन दियो। फ्रान्केबाट नै सबै आर्थिक आवश्यकताको लागि परमेश्वरमाथि मात्र भरोसा राख्ने उत्साह म्युलरले पाउनुभयो।

(२) जोन न्यूटन (John Newton) को जीवनचरित्रले म्युलरलाई धेरै प्रभाव पार्‍यो, जसमा परमेश्वरको अनुग्रह र कृपा एउटा तुच्छ दास-व्यापारीमाथि प्रकट भएको सफासँग देखिन्छ। यो कुराले म्युलरलाई परमेश्वरको महान् प्रेमको बारेमा यसरी नै गवाही बाँड्न पुर्‍यायो। उहाँले आफ्नो जीवन-गवाही लेख्न थाल्नुभयो, जसमा आफ्नो जीवनमा घटेका घटनाहरू जसले उहाँलाई उद्धारमा ल्याए, र बृष्टलमा काम सुरु गर्न डोर्‍याए, त्यही घटनाहरूको विवरण दिनुभयो। आफ्नो जीवनमा परमेश्वरले गरेको कामका विवरणहरूलाई प्रकाश गर्ने म्युलरको निर्णयले विगतका २०० वर्षहरूमा लाखौँ मानिसहरूको जीवनमा आशिष् ल्यायो भन्ने कुरामा कुनै शङ्का छैन। आफ्नो जीवन-गवाही पढेर मानिसहरूले उद्धार पाएका घटनाहरू उहाँको दैनिकीमा उल्लिखित भएको हामीले देख्न सक्छौँ

(३) जर्ज वइट फिल्ड (George White Field) को जीवनको गवाहीले उहाँको हृदय आगो भयो। वइट फिल्डको असामान्य प्रार्थनाको जीवन र घुँडा टेकेर बाइबल अध्ययन गर्ने बानीले म्युलरलाई धेरै प्रभाव पार्‍यो। यो

कुराले जर्ज म्युलरलाई अति गम्भीर हुन, र त्यही समय प्रार्थनामा अति गहिरो हुन डोऱ्यायो। उहाँले वइट फिल्डको बानीलाई पछ्याउन थाल्नुभयो। घुँडा टेकेर बाइबल पढ्न थाल्नुभयो, "परमेश्वरले मात्रै आत्मा जित्नको लागि चाहेको पवित्र इच्छा आफूमा सिर्जना गर्न सक्नुहुन्छ, र हराएका आत्माहरूप्रति गरिने प्रेम आफूमाथि खन्याएर यस्तो महान् ईश्वरीय कामको लागि आफूलाई योग्य बनाउन सक्नुहुन्छ भन्ने सत्यताको छाप जर्ज वइट फिल्डको जीवनद्वारा म्युलरको जीवनमा बस्यो।"

### अस्वस्थ अवस्था

घरी–घरी म्युलरलाई टाउकोको बिमारले (त्यो बेलाको भनाइअनुसार) सतायो, यो कमजोर बनाउने रोगले ओछ्यानमा सुत्नुपर्ने बनायो। रोगको कारण उहाँ धेरै पल्ट आइतबारको संगतिमा सहभागी हुन पाउनुभएन, त्यो कुराले उहाँको मनलाई साह्रै सतायो। सन् १८३८ मा म्युलरले लेख्नुभयो, "यो दुःखाइले ममा धेरै रिस ल्यायो।" कुनै पनि कुरामा ध्यान दिनु धेरै उहाँको लागि कठिन भइरहेको थियो, कहिलेकाहीँ प्रार्थना गर्नु पनि असम्भव जस्तै भएको थियो।

तर उहाँको शारीरिक दुःखको समयमा नै परमेश्वरले उहाँलाई उहाँको स्वभाव र जीवनको उद्देश्यको बारेमा नयाँ सत्यहरू र अन्तर्दृष्टि दिनुभयो। यस्तै एक पटक बिरामी अवस्थामा आरामको लागि प्लाइ मउथ (Ply Mouth) भन्ने ठाउँमा रहेको बेलामा नै हरेक दिनको अति उत्तम समयहरूलाई परमेश्वरलाई दिनुपर्ने आवश्यकताको बारेमा उहाँले सोच्नुभयो। उहाँ हेलमा विद्यार्थीको रूपमा पढिरहनु हुँदा सधैँ बिहान ४ बजे उठेर परमेश्वरलाई खोज्ने गर्नुहुन्थ्यो, तर हालका वर्षहरूमा उहाँको दिनचर्या अलिकति बदलिसकेको थियो, त्यसैले आजकाल कहिलेकाहीँ ६ बजे उठ्नुहुन्थ्यो भने प्रायः ७ बजे उठ्ने गर्नुहुन्थ्यो। अब उप्रान्त स्वस्थ भए पनि अस्वस्थ भए पनि सात घण्टाभन्दा बढी नसुत्ने निर्णय गर्नुभयो। उहाँले गरेको निर्णयले धेरै घण्टाहरू एकान्तमा परमेश्वरसँग बिताउने मौका दियो। उहाँले त्यसपछिका समयहरूमा कहिल्यै शरीरमा कमजोर भएको महसुस गर्नुभएन, तर अझै बलियो हुँदै जानुभयो। एउटा नवीकरण भएको जीवन र आत्मिक

शक्तिको अनुभव गर्न थाल्नुभयो। उहाँले लेख्नुभयो, "म सबै विश्वासीहरूलाई सबेरै उठेर परमेश्वरसँग भेट गर्ने बानी बसाल्न उत्साह दिन्छु। हामीले चाहेको भन्दा बढी समय शरीरको आरामको लागि निद्रामा बितायौँ भने परमेश्वरले उहाँको महिमा र हाम्रो फाइदाको लागि, र सन्तहरू र हाम्रो वरिपरि भएका विश्वासीहरूको फाइदाको लागि जिम्मा लगाउनुभएको समयलाई खेर फालिरहेका हुन्छौँ।"

## नयाँ कठिनाइहरू

सन् १८३२ मा म्युलरको परिवारमा छोरी लिडियाको जन्म भयो। त्यसपछि १८३४ मा एउटा छोरो पनि उहाँहरूको परिवारमा प्रवेश गरे, जसको नाम उहाँहरूले एलिया राख्नुभयो। एक वर्ष भित्रमा नै एलिया साह्रै बिरामी भए र ४ दिनभित्र उनको निधन भयो। सन् १८३८ मा मेरीले अर्को एउटा मरेको बच्चा जन्माइन्, त्यसपछि दुई हप्ताका समयहरूसम्म मेरीको जीवन धेरै जोखिममा परेको थियो।

सन् १८३८ मा अनाथ आश्रमको आर्थिक अवस्था धेरै कमजोर भएको थियो। अनाथ आश्रमको ढुकुटी रित्तिन लागेको थियो। धेरै बालबालिकाहरूले आफू त्यहाँ बस्न पाऊँ भनी निवेदन दिइरहेका थिए, तर अगाडि बढ्नु अनाथ आश्रमको लागि असम्भव कुरा थियो, यो कुराले म्युलरलाई तीव्र रूपमा प्रार्थना गर्न लगायो। परमेश्वरमा भरोसा राख्नुभन्दा समस्या समाधानको लागि अरू कुनै विकल्प खोज्नुपर्ने परीक्षामा म्युलर पर्नुभयो। तर आफ्नै विकल्पमा भर पर्दा त्यसले काममा बाधा ल्याउनु मात्र नभएर, उहाँको अनुभव र विश्वासको वृद्धिलाई कमजोर बनाउँछ भनी उहाँले देख्नुभयो। त्यसैले पूरै रूपमा विश्वासयोग्य परमेश्वरको प्रतिज्ञामाथि मात्र नै भरोसा राख्ने निर्णय गर्नुभयो।

एक दिन उहाँले हिब्रू १३:८ "येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एक समान हुनुहुन्छ।" भन्ने पदलाई अध्ययन गरिरहँदा उहाँलाई अनाथ आश्रमको वर्तमान आवश्यकताको याद आयो, र उहाँले भन्नुभयो, "येशू ख्रीष्टले उहाँको प्रेम र शक्तिद्वारा अनाथहरूको लागि मलाई कुन कुराको खाँचो थियो

त्यो सबै पूरा गर्नुभयो, र त्यही अपरिवर्तनशील प्रेम र शक्तिद्वारा उहाँले भविष्यको लागि मलाई चाहेको सबै थोक पनि जुटाइदिनु हुन्छ।" र एउटा आनन्द उहाँको आत्मामा बगेर आयो, एक मिनेटपछि उहाँको हातमा एउटा चिट्ठी आइपुग्यो, जसमा २० पाउण्डको (आजको ने.रु.मा ३ लाख ९१ हजार हुन्छ) चेक पनि थियो।

सन् १८३८ सेप्टेम्बर ५ तारिख उहाँले लेख्नुभयो, "हामीलाई कठिनाइहरू निरन्तर आइरहेका छन्; दयालु परमेश्वरले हाम्रो दैनिक आवश्यकताहरूलाई पूरा गरिदिनुभएको छ। तर उहाँले दैनिक रूपमा मात्र हामीलाई जुटाइरहनुभएको छ, कुनै बेला त्यही घडीमा मात्रै हाम्रो आवश्यकता पूरा हुन्छ। आजको आवश्यकताको लागि हिजो नै पायौँ भनी भन्न सक्ने परिस्थिति भएन। म हिजो र आज दुवै दिनमा परमेश्वरलाई घरी–घरी खोजेँ, तर उहाँले यस्तो भनेको जस्तै मलाई लाग्छ 'मेरो समय अझै आएको छैन'।"

कठिनाइहरू निरन्तर रूपमा भइरहेको नै थियो, हरेक दिन उहाँहरू प्रार्थनामा भेला हुने गर्नुहुन्थ्यो। हरेक दिन परमेश्वरले आफ्नो प्रतिज्ञालाई आदर गर्नुभएको होस्, र अनाथहरूलाई नत्यागून्, र आवश्यकताहरूलाई पूरा गरिदिऊन् भनी उहाँहरूले प्रार्थना गर्नुहुन्थ्यो। प्रत्येक दिन सानो थोपाको रूपमा पैसा आउँथ्यो, आउने २४ घण्टाको आवश्यकता पूरा गर्नको लागि धेरै पटक म्युलरले कोष रित्तिएको अवस्थालाई स्वीकार गर्नुपर्ने भए तापनि त्यो अवस्था भोलिपल्टको दिनमा सरेर गएन। हरेक दिन राति भोलि बिहानको लागि चाहेको पैसा उहाँहरूको हातमा बाँकी रहन्थ्यो। सेप्टेम्बर १७ तारिख उहाँले लेख्नुभयो, "अहिलेको समयमा हाम्रो विश्वास अझै बढी परीक्षामा परेको छ, तर म निश्चित छु कि हामीले धैर्य गऱ्यौँ भने परमेश्वरले सहायता पठाउनुहुन्छ। धेरै व्यक्तिहरूले हामीलाई थोरै–थोरै पैसा पठाएका थिए, त्योद्वारा हामीले हाम्रो दैनिक आवश्यकता पूरा गऱ्यौँ, र कुनै पनि कुराको खाँचो भएको छैन।"

नोभेम्बर १० तारिख, "आजको दिनको सुरुवातमा सबै कुरा अन्धकार देखेको थियो, तर परमेश्वरले हाम्रो सबै आर्थिक आवश्यकतालाई पूरा गर्नुभयो। अर्को हप्ता पनि बितिसक्यो, हामीले ९७ जना बालबालिकाहरू र




**आश्रमका केटाकेटीहरू**

FDG Mission

कामदारहरूका आवश्यकताहरूलाई पूरा गऱ्यौँ, र कुनै ऋणमा परेनौँ।"

म्युलरको जीवनचरित्र लेख्ने लेखकहरूमध्येको एक जनाले लेख्नुभएको छ, "यो सुरुको समयहरूमा खासै भन्नुपर्दा म्युलरले अनाथहरूलाई परमेश्वरको हातबाट नै पालनपोषण गर्नुभयो। आपूर्ति गर्नु मन्न पाउनु जस्तै हुन्थ्यो, हरेक दिन बिहान ताजा टिप्नुपर्थ्यो, दिनको अन्तमा आवश्यक थोकहरू मुस्किलले बाँकी रहन्थ्यो। धेरै पटक बिहानको खाजाको लागि चाहेको पैसा त्यही दिन बिहानी प्रार्थनाद्वारा पाउनुपर्थ्यो, र बेलुकाको खानाको लागि पनि खाना खानुभन्दा अगाडि पाउनुपर्थ्यो।"

# अध्याय - ५

# बोझलाई बाँड्नु

सन् १८३८ को हिउँदको समयसम्म ३/४ जनालाई मात्रै सेवाको आर्थिक आवश्यकताको बारेमा ज्ञान थियो, र म्युलरले बुझ्नुभयो कि अनाथ आश्रमका कामदारहरूलाई यसको बारेमा जानकारी दिनुपर्छ, र प्रार्थनाको झुण्डभित्र ल्याउनुपर्छ। 'जो श्रममा सहभागी हुन्छ त्यो प्रार्थनामा पनि सहभागी हुनुपर्छ, र त्यसै भएकोले प्रार्थनाद्वारा पूरा हुने आवश्यकताको बारेमा पनि थाहा पाउनु पर्छ। यसरी भएन भने तिनीहरू कसरी विश्वास, काम र त्यसको इनाममा सहभागी हुन सक्छन् ?'

यसरी आफ्नो बोझलाई बाँड्न म्युलरले गर्नुभएको निर्णयले अनाथ आश्रममा आशिष् ल्यायो। जुन बेला सहकर्मीहरूले अनाथ आश्रमको साँचो अवस्था थाहा पाए, तिनीहरू आफ्नो काममा धेरै होसियारी भए, र प्रार्थनामा समय बिताए, र आफ्नो व्यक्तिगत जीवनमा पनि सजग भए। म्युलरले कुनै पनि कुरा तिनीहरूबाट लुकाउनुभएन, त्यसै भएकाले 'परमेश्वरलाई दिन–रात विश्राम लिन नदिने अर्जबिन्ती–कर्ताहरूको समूहमा प्रार्थना गर्ने विश्वासीहरूको सङ्ख्या वृद्धि भयो।' धेरै जना अनाथ आश्रमका सहकर्मीहरूले कहिल्यै नदिएझैँ दिन पनि थाले। यसरी दिएको कारण तिनीहरूले नयाँ शक्ति, निश्चयता र प्रार्थनाद्वारा आशिष्को महसुस गरे। आफूसँग भएका कुराहरूलाई दिन आफू तयार छैन भने प्रार्थनामा माग्नुचाहिँ उचित हुन्छजस्तो नलागेको महसुस आफूले गरेको कुरा तिनीहरूमध्येको एक जनाले बताए।

यी सबैको बिचमा कुनै पनि कुराहरूको बारेमा अन्य मानिसहरूलाई थाहा पाउन दिएन। अन्य मानिसहरू र अनाथ आश्रममा बस्ने बच्चाहरूले समेत संस्था र अनाथ आश्रमको दैनिक अवस्थाको बारेमा थाहा पाएनन्। म्युलर र उहाँका सहकर्मीहरूले परमेश्वरको विश्वासयोग्यतालाई प्रमाणित गर्ने

TOG Mission

निर्णयमा थिए। यो निर्णयसहित बितेको महिनाहरूमा कामको निरन्तरता दिन परमेश्वरले गर्नुभएका कामहरूको विवरण नियमित अन्तरालमा सार्वजनिक गरिरहे। तर यी विवरणहरूमा पैसाको माग गर्नुभएन, साथै कसैको दया प्राप्त गर्न खोजेको जस्तो नदेखिनको लागि स्रोतसम्बन्धी कुनै सङ्केत पनि दिनुभएन। यो प्रतिवेदन पढ्नेहरू जिउँदो परमेश्वरमाथि राख्ने आफ्नो भरोसामा नयाँ स्थानमा पुग्नको लागि उत्साह पाउँछन् भन्ने आशा राखेर म्युलरले ती विवरणहरूलाई सार्वजनिक गर्नुभयो। यो कामलाई सहायता गर्ने एउटा धनी र दयालु मानिसहरूको समूह छ भनी धेरै मानिसहरूले सोच्थे, तर यस्तो कुनै पनि समूह थिएन। सन् १८३८ मा तीव्र आर्थिक पीडामा म्युलर हुँदा जर्मनको एउटा विश्वासीबाट एउटा चिट्ठी प्राप्त गर्नुभयो। चिट्ठीमा म्युलरले पैसा माग्नुभएको होइन भनी स्वीकार भएको थियो, तर तिनीहरूलाई अहिले पैसाको आवश्यकता छ कि छैन ? छ भने कति पैसाको आवश्यकता छ भन्ने जानकारी चिट्ठी लेखकलाई बताइदिन अनुरोध गरिएको थियो। म्युलरले उत्तर लेख्नुभयो, “म तपाईंको प्रेमको लागि धन्यवाद दिन्छु; र पैसा माग्ने र आवश्यकताको विवरण स्वेच्छामा दिनेहरूले माग्दा दिने यी दुवैको बिचमा फरक छ भन्ने कुरालाई म स्वीकार गर्छु, तर भए पनि कोषको अवस्थाको बारेमा केही कुरा बताउन म स्वतन्त्र छैनँ भन्ने महसुस गर्छु। यो सेवाको प्राथमिक उद्देश्य विश्वासमा कमजोर भएकाहरूलाई परमेश्वरमाथि मात्र भरोसा राखेर जीवन जिउन सक्छ भन्ने यथार्थलाई देख्न सहायता गर्नु हो।” चिट्ठीलाई पठाउने बित्तिकै म्युलरले घुँडा टेक्नुभयो, र परमेश्वरलाई भन्नुभयो, “प्रभु तपाईंलाई थाहै छ, तपाईंको खातिर मैले त्यो व्यक्तिलाई हाम्रो आवश्यकताको बारेमा थाहा दिइनँ। अब, प्रभु हाम्रो आवश्यकताको बारेमा तपाईंसँग मात्र बोल्नु, र तपाईंलाई मात्र भन्नुमा यथार्थता छ भन्ने कुरालाई नयाँ गरी प्रकट गरिदिनुहोस्; त्यो व्यक्तिसँग बोल्नुहोस्, ताकि त्यो व्यक्तिले हामीलाई सहायता गरून्।” केही दिनहरूमा नै कामको लागि हातमा एक पैसा पनि नभएको बेला त्यो जर्मनको व्यक्तिबाट १०० पाउण्ड (आजको ने.रु.मा १९ लाख ५५ हजार हुन्छ) पैसा आइपुग्यो।

सन् १८४५ जुलाई महिनामा म्युलरले यो गवाही बाँड्नुभयो, “करिब ७ वर्ष हाम्रो स्रोत यति रित्तिएको थियो कि अनाथहरूको लागि चाहेको ३

TDG Mission

दिनको पैसा हाम्रो हातमा एकैचोटि विरलै मात्र हुन्थ्यो। तापनि म एकचोटी मात्रै परीक्षामा परेँ; त्योचाहिँ सन् १८३५ सेप्टेम्बर १८ तारिखमा हो, जुन बेला पहिलो पटक हाम्रो प्रार्थनालाई परमेश्वरले वास्ता नगरेको जस्तै लाग्यो। तर त्योचाहिँ क्षणिकको विश्वासको परीक्षा मात्र हो, र हाम्रो कामलाई उहाँले त्याग्नुभएकोले हामी यति होच्याइएका होइनौँ भनी उहाँले सहायता पठाउँदा मैले थाहा पाएँ। मेरो आत्मा धेरै बलियो र उत्साहित भयो। त्यो बेलादेखि अविश्वासको परीक्षामा पर्न उहाँले मलाई कहिल्यै दिनुभएन, र एकदमै रित्तिएको अवस्थामा पनि मलाई उहाँले त्याग्नुभएन।

अनाथहरूलाई पालनपोषण गर्ने म्युलरको यो तरिकालाई प्रश्न गर्ने धेरै मानिसहरू थिए, (र अहिले पनि छन्) 'कुनै दिन पैसा आएको थिएन भने के हुन्थ्यो ? र कुनै समय नानीहरूलाई खुवाउने खान्की नभएर भोकै बस्नु परेको भए के हुन्थ्यो ?' तर म्युलरको लागि परमेश्वर असफल हुनु सोच्नै नसक्ने कुरा थियो। तर यो काममा सहभागी हुनेहरूमाथि रहने मुख्य कर्तव्यलाई उहाँले बुझ्नुहुन्थ्यो। प्रार्थना गर्नेले ठिक आत्मा र ठिक हृदयको इच्छासहित परमेश्वरको अगाडि आउनुपरेको हुन्छ, यसैले उहाँले विजय प्रार्थनाका यी ५ वटा सिद्धान्तहरूको पक्षमा वकालत गर्नुहुन्थ्यो।

क) कुनै पनि आशिष्लाई दाबी गर्नको लागि एक मात्र आधारचाहिँ पूर्ण रूपमा येशू ख्रीष्टको योग्यतामा भर पर्नु, र उहाँको बारेमा अध्ययन गर्नु।

ख) थाहा भएका सबै पापहरूबाट अलग हुनु। यदि हामीले हाम्रो हृदयमा अधर्मलाई आश्रय दिएका छौँ भने परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्न, किनभने योचाहिँ पापलाई अनुमति दिनु हो।

ग) परमेश्वरको प्रतिज्ञामाथि, उहाँले शपथ खाए अनुसार विश्वास गर्नुपर्छ। विश्वास नगर्नु उहाँलाई झूटो र आफ्नो शपथ तोड्ने बनाउनु हो।

घ) परमेश्वरलाई उहाँको इच्छाअनुसार माग्नुपर्छ। हाम्रो उद्देश्य ईश्वरीय उद्देश्य हुनुपर्छ। हाम्रो अभिलाषा पूरा गर्न कुनै पनि थोक माग्नु हुँदैन।

TOG Mission

ङ) प्रार्थनामा हतार गर्नुहुँदैन। परमेश्वरमा रहेर धैर्य गर्नुपर्छ, र परमेश्वरको समयको लागि धैर्य गर्नुपर्छ। जसरी एउटा किसानले कटनीको लागि लामो समयसम्म धैर्यता र पर्खाइमा रहन्छ।

म्युलरको सिद्धान्तले, एउटा असल शिक्षक सिक्ने व्यक्ति हुनुपर्छ भन्ने कुरालाई जोड दिएको थियो। जसले निरन्तर सिकिरहन्छ त्यो मात्र एउटा निरन्तर सिकाउने र सिपालु शिक्षक बन्न सक्छ। दैनिक रूपमा सिक्ने नयाँ पाठहरूले हाम्रो गवाहीलाई ताजा र फुर्तिलो राख्छ। सधैँ नै पुराना कुराहरूलाई नदोहोऱ्याईकन परमेश्वरको अनुग्रहको सत्यतासम्बन्धी नयाँ र ताजा अनुभवबाट सिकाउने र गवाही दिने बनाउँछ।

**सेवकाइको बोझ:**

यति बेलासम्म जर्ज म्युलर र हेन्ड्री क्राइक दुवै जनाले मात्र बृष्टलको दुई वटा मण्डलीको सेवकाइको बोझ उठाइरहनुभएको थियो। संस्था र अनाथ आश्रमको जिम्मेवारी पनि साथमा रहँदा यो बोझ उहाँहरूलाई धेरै ठुलो थियो। हरेक वर्ष नयाँ आत्माहरूको सङ्ख्या बढ्दै गयो, र मण्डली वृद्धि हुँदै गयो। म्युलर र क्राइक दुवै जनाले आफूलाई यो बोझ कठिन भएको महसुस गरे। सन् १८३७ मा म्युलरले आफ्नो हृदयमा भएको आवश्यकताको बारेमा लेख्नुभयो, “म मेरा मण्डलीका विश्वासीहरूलाई बढी भेटघाट गर्न चाहन्छु, किनभने भेटघाट नभएको मण्डली चाँडै नै अस्वस्थ मण्डली बन्न पुग्छ। धेरै लामो समयहरूसम्म म एकदमै व्यस्त भएँ, क्राइक र मैले घरेलु संगतिको महत्त्वलाई थाहा पायौँ।”

उहाँले घरेलु भेटघाट गर्न नदिने बाधाहरूको सूची बनाउनुभयो,

क) ४०० जना विश्वासीहरूको वास्ता २ जना पास्टरहरूले गर्नुपर्ने,
ख) हरेक वर्ष ५० जना नयाँ मानिसहरू मण्डलीमा थपिने,
ग) कुनै विश्वासीहरू मण्डलीबाट टाढा बसोबास गर्ने,
घ) दुवै मण्डलीको लागि काम बाँडिदा दोब्बर हुने,
ङ) चिठ्ठी लेख्नुमा बढी समय बिताउनुपर्ने,

FOG Mission

च) दुवै जना पास्टरहरू प्रायःजसो भेटघाट गर्न जान नसक्ने गरी थाक्ने,

छ) पास्टरहरूले अनाथ आश्रम र स्कुलमा बढी समय बिताउनुपर्ने,

यसको साथसाथै, बृष्टल हुँदै यात्रा गर्ने विश्वासी दाजुभाइ दिदीबहिनीहरू म्युलर अथवा क्राइकसँग बास बस्न मन गर्थे। म्युलर र उहाँकी श्रीमतीले यसरी अनाथ बच्चाहरूको साथ त्यहाँ आउनेहरूको पनि वास्ता पुऱ्याउनु उहाँहरूको परिवारको लागि असामान्य कुरा थिएन। म्युलरले त्यसरी आउने पाहुनाहरूलाई समय दिनु र वास्ता गर्नु मुख्य कुरा भनी ठान्नुहुन्थ्यो।

पास्टरको हृदय र वरदान भएका अझै बढी मानिसहरूलाई परमेश्वरले पठाऊन् भनी उहाँले प्रार्थना गर्नुभयो, यसको साथै दुवै मण्डलीलाई एक बनाउनु मात्र नभएर कुनै रात्रि संगतिहरूलाई बन्द गर्नुपर्छ भन्ने निर्णय पनि भयो। यी कुराहरूले तिनीहरूको कामको बोझलाई घटाउँछ, साथै बढी पास्टरीय वास्तामा ध्यान दिन सहायता गर्छ।

TCG Mission

**चौथो अनाथ आश्रम**

सन् १८४३ मा म्युलरले चौथो अनाथ आश्रम स्थापना गर्नुपर्ने आवश्यकता देख्नुभयो। उहाँले लेख्नुभयो, “मैले बढी प्रार्थनामा समय बिताएँ, मैले दिन–दिनै प्रार्थना गरेँ, र कसैलाई केही कुरा बताइनँ। मैले २२ दिन मेरी प्रिय पत्नीलाई पनि त्यो कुराको जानकारी नदिईकन प्रार्थना गरेँ।” म्युलरले आफ्नो मनमा आएको यो इच्छा माथिबाट आएको हो, र आफ्नो स्वेच्छा होइन, र उद्देश्य पनि होइन भन्ने कुरालाई पक्का गर्न चाहनुहुन्थ्यो। उहाँले धेरै नचिताएका बाधाहरूलाई सामना गर्नुपर्ने भयो, तर पनि निराश नभई प्रार्थना गर्नुभयो, “प्रभु, अर्को अनाथ आश्रमको आवश्यकता तपाईंलाई छैन भने मलाई पनि छैन।” यथार्थमा आफ्नो उद्देश्य पूरा गर्ने बाटोमा कठिनाइहरू सामना गर्नुपर्दा भित्री रूपमा उहाँ सन्तुष्ट बन्नुहुन्थ्यो। उहाँले भन्नुहुन्थ्यो, “दृश्यको अन्त हुँदा, त्यही नै विश्वासले काम गर्ने समय हो।” जति बढी कठिनाइ छ, विश्वासको लागि त्यो काम त्यति नै सजिलो हुन्छ। सफलताको लागि चाहिने सबै प्राकृतिक सम्भाव्यताहरू सकिसकेको अवस्थामा विश्वासले जति सजिलो कामलाई पूरा गर्छ, त्यति सजिलो

मानवीय सम्भाव्यताहरू रहुन्जेल पूरा गर्दैन।

आफ्नो लक्ष्यमा बाधा आउँदा आफूले महसुस गर्ने अधीरताको नापद्वारा परमेश्वरको इच्छामा आफू कति समर्पित छु भन्ने कुरालाई नाप्न सक्छ भन्ने एउटा महान् सिद्धान्त म्युलरले सिक्नुभएको थियो। उहाँको उद्देश्यमा आउने बाधाहरूले न त उहाँलाई बिघ्न पार्थ्यो न त दिक्क पार्थ्यो, उहाँले शान्तसँग सबै बाधाहरूलाई परमेश्वरले सामना गरून् भनी उहाँको इच्छामा छोडिदिनुहुन्थ्यो। म्युलरले शङ्का नगरि परमेश्वरमाथि भरोसा राख्न बलियो रूपमा सिक्दै जानुभयो, जति आवश्यक देखे पनि ठिक देखे पनि आफ्नो स्वज्ञान र योजनामा भर नपर्ने निर्णय गर्नुभयो। यसरी नै चौथो आश्रम पनि सुरु भयो, र काम बढ्दै गयो।

# अध्याय - ६

# म्युलरको विस्तारित दर्शन

## नयाँ अनाथ आश्रम

सन् १८४५ मा बृष्टलमा भएको सबै कामको समीक्षा गर्नुपर्ने भयो। अनाथ आश्रमहरू भरिभराउ भए। वरिपरिका छरछिमेकीहरूले आफ्नो नजिकै यति धेरै बालबालिकाहरू भएको कारण हुने असुविधा र बढी होहल्लाको कारण आरोप लगाए। भवन सानो हुन थाल्यो, र भवनमा चाहेको जस्तो सुविधाहरू भएन। यी कुराहरूले म्युलरलाई सहरभन्दा बाहिर नयाँ भवन बनाउने योजनातिर लग्यो। अहिलेसम्म बृष्टलमा भएका आश्रमहरू भाडामा लिएको भवनमा चलिरहेका थिए, निजी भवन बनाउने कुराले नयाँ चिन्ता ल्यायो। शङ्का नगरीकन हरेक सिक्काको लागि परमेश्वरमाथि भरोसा राख्नुपर्छ भन्ने आफ्नो जीवनको सिद्धान्तबाट अलिकति पनि सर्न म्युलर तयार हुनुभएन। रकमको लागि कसैलाई पनि माग नराख्ने र सङ्केत पनि नदिने निर्णयमा हुनुहुन्थ्यो। परमेश्वरले जसरी थोरै रकम दिनुभयो, त्यसरी नै यो भवनको लागि चाहेको मोटो रकम पनि दिन सक्नुहुनेछ भन्ने कुरामा उहाँ निश्चित हुनुहुन्थ्यो। प्रार्थना र धैर्य गर्नको लागि तयार हुनुभयो।

उहाँले लेख्नुभयो, "मैले थाहा पाएँ कि परमेश्वरले यो भवन बनाउन मलाई सहायता गर्नुहुन्छ, परमेश्वरको इच्छा अनाथहरूको भलाइ मात्र होइन तर यसरी मोटो रकम पनि उहाँले दिन सक्नुहुन्छ र दिनुहुन्छ भन्ने कुराको गवाही बाँड्नु र कामलाई विस्तार गर्नु पनि हो। यदि मैले भवन बनाएँ भने त्यो ३०० जना नानीहरूलाई पालनपोषण गर्न पुग्ने हुन्छ।"

पछिल्ला महिनाहरूमा उहाँ निश्चित हुनुभयो, कि यो प्रस्ताव परमेश्वरको इच्छाबाट आएको हो, र म्युलरले आफ्नो मनमा भवन बनिसकेको जसरी कल्पना गर्न थाल्नुभयो। सन् १८४६ को अन्तिम महिनाहरूमा उहाँले १०००

पाउण्ड (आजको ने.रु.मा १ करोड ९५ लाख ५० हजार हुन्छ) भेटी नयाँ योजनाको लागि पाउनुभयो। यो नै एकै पटकमा पठाएको अहिलेसम्मकै सबैभन्दा ठुलो भेटी हो। तीन दिन पछि, नयाँ बन्न लागेको भवनको नमुना बनाएर भवन निर्माण गर्ने कामलाई व्यवस्था गर्न लन्डनको एउटा इन्जिनियरले सित्तैमा आफ्नो सेवा दिनुभयो।

**आस्ले डाउन्स (Ashley Downs)**

बृष्टलबाट धेरै टाढा जान म्युलरले चाहनुभएन, तर अलिकति टाढा गाउँ बस्तीतिर सर्न मन गर्नुभयो, ताकि अनाथहरूले नयाँ वातावरण पाउँछन्, तर प्राथमिकताचाहिँ परमेश्वरलाई खोज्नुमा नै थियो, ताकि एउटा असल जमिन किन्न र भवन निर्माण गर्न चाहेको रकम परमेश्वरले दिऊन्। प्रार्थनाको झुण्डले प्रार्थना सुरु गरेपछि पैसा आउन थाल्यो, १००० पाउण्ड, ५० पाउण्ड, र ३.६ पाउण्ड, त्यसै गरी अर्को १००० पाउण्ड आयो।

आस्ले डाउन्समा बिक्रीमा आएको एउटा जमिनतिर म्युलरको ध्यान पुग्यो। जमिन मालिकलाई सम्पर्क गर्न गरेको हरेक कोसिस पहिले असफल भयो। नडगमगाईकन आफ्नो प्रार्थनामा स्थिर भइ निश्चित हुनुहुन्थ्यो कि परमेश्वरको इच्छा यही हो भने, उहाँले बाटो खोल्नुहुनेछ। जमिन मालिकसँग सम्पर्क भएपछि जमिन मालिकले म्युलरले आफ्नो जमिनलाई अनाथ आश्रमको लागि प्रयोग गर्न चाहेको कुरा आफूलाई थाहा भएको, र रातभरि कति पैसामा बेच्ने भन्ने कुरा सोचेर गाह्रो भएको कुरालाई स्वीकार गर्नुभयो। म्युलरले लेख्नुभयो, “आफूले किन्नुपर्ने हो भने जमिन मालिकले आफूलाई एक एकडको लागि २०० पाउण्ड (जुन मूल्यमा मालिकले बेच्न चाहेका थिए) नभएर १२० पाउण्डमा दिने भए मात्रै किन्ने निर्णय गरेँ। परमप्रभु कति भलो हुनुहुन्छ! आज बिहान सम्झौता भयो, मैले करिब ७ एकड (५६ रोपनी हुन्छ) जमिन किनेँ।”

म्युलरले चाहेको रकम पूरै आफ्नो हातमा नहुन्जेल भवन निर्माणको कुनै पनि काम अगाडि नबढाउने निर्णय गर्नुभयो। साथै पवित्र आत्माले भरिएका कम्तीमा १० जना व्यक्तिहरू यो संस्थाको भौतिक सम्पत्ति हेरचाह गर्नको

लागि समितिमा चाहिन्छ भनी विश्वास गर्नुहुन्थ्यो।

उहाँहरू प्रार्थना गर्दै जाँदा, धेरै मात्रामा र थोरै मात्रामा भेटी आउन थाल्यो। सन् १८४७ जनवरी २५ तारिख म्युलरले, आफूले काम सुरु गर्ने समय नजिक भएको महसुस गरेको कुरालाई लेख्नुभएको थियो, तर पैसा अझै चाहिन्थ्यो, "मैले प्रार्थना गरेको एक घण्टापछि भवन निर्माणको लागि २००० (ने.रु.मा ३ करोड ९१ लाख हुन्छ) पाउण्ड मेरो हातमा आइपुग्यो। मैले यो भेटी पाउँदा पाएको आनन्दलाई व्यक्त गर्न सक्दिनँ। म यो रकमको लागि १ सय ४७ दिन परमेश्वरको उपस्थितिमा पर्खिरहेको थिएँ। सन् १८४७ जुलाई महिनामा मेरो हातमा ११ हजार पाउण्डभन्दा बढी पैसा जम्मा भइसकेको थियो। अब भवन निर्माणको काम सुरु गर्नको लागि चाहिँदो पैसा जम्मा भइसकेको थियो। सन् १८४८ जुन महिनामा, अनाथ आश्रमको सेवकाइ सुरु भएको २० वर्षपछि निजी भवन निर्माणको काम सकियो। अनाथहरूलाई बृष्टलमा भएको भाडाको भवनबाट आस्ले डाउन्समा भएको फराकिलो आफ्नै नयाँ भवनमा सार्ने काम भयो। सन् १८५० मे महिनामा हेर्दा ३३ जना सहयोगीहरू र २७५ जना बालबालिकाहरू नयाँ बनाएको "द न्यु अर्पण हाउस (The New Orphan House)" (त्यति बेलादेखि अनाथ आश्रमले पाएको नयाँ नाम) मा थिए।

सन् १८५० मा हेर्दा स्क्रीप्चुरल नलेज इन्स्टिट्यूशन (Scriptural Knowledge Institution ) ले ५० हजार पाउण्डभन्दा बढी पैसा संसारभरि विभिन्न सेवकाइमा छरिसकेको थियो, र संस्थाको आफ्नै खर्च एक वर्षमा ६ हजार पाउण्ड हुन्थ्यो। यो ठुलो धेरै समय लिने सेवकाइ थियो, जसको बारेमा म्युलरले लेख्दा यसो लेख्नुभयो, "मेरो बोझ अत्यन्तै ठुलो छ।"

**म्युलरको विस्तारित दर्शन:**

त्यतिखेरको समयमा म्युलरले १००० जना बालबालिकाहरू राख्ने बारेमा सोच्न थाल्नुभयो। यो परमेश्वरबाट आएको हो कि अथवा आफ्नो मनमा आफूले सजाएको सपना हो कि भन्ने कुरा थाहा पाउनको लागि प्रार्थना सुरु गर्नुभयो। म्युलरले सोच्नुभयो, "के कामलाई विस्तार गर्न चाहेर आफ्नो

विश्वासको नापभन्दा अगाडि जान खोज्दै छु कि? वा आफ्नो क्षमताभन्दा बढी काम गर्न लगाएर परमेश्वरको हातमा प्रयोग हुने अवस्थाबाट मलाई लडाउन शैतानले ल्याएको भ्रम हो कि ? ठुलो आश्रम बनाउन खोज्नु मलाई घमन्डमा पार्ने पासो हो कि?" जति बढी परमेश्वरको इच्छा उहाँले खोज्नुभयो त्यति नै काम विस्तार गर्नु ठिक हो भन्ने कुरामा उहाँ निश्चित हुनुभयो। काम विस्तारको कुनै पनि काम सुरु गर्नु अगाडि परमेश्वरलाई ३५ हजार पाउण्ड (आजको ने.रु.मा करिब ६८ करोड हुन्छ) माग्ने लक्ष्य राख्नुभयो। काम विस्तार गर्नको लागि चाहेको पैसा चाँडै नै आउन थाल्यो, प्रायःजसो दिनैपिच्छे। तर भए पनि निर्माणको काम सुरु गर्नुअघि चाहिने पूरै रकम हातमा हुनुपर्थ्यो, ताकि ऋणमा पर्न नपरोस् । सन् १८५७ नोभेम्बर महिनामा ४ सय नानीहरूको पालनपोषण गर्नको लागि दोस्रो आश्रम पनि सुरु भयो; खुसीसाथ म्युलरले लेख्नुभयो, "सात वर्षको प्रार्थनापछि कति बहुमूल्य दिन आज यो।" पहिलो आश्रमजस्तै पैसा मात्र नभएर परमेश्वरले सहकर्मीहरू पनि दिनुभयो।

सन् १८६२ मा तेस्रो आश्रमले नानीहरूको लागि आफ्ना ढोका खोल्यो। म्युलरले यतिखेर लेख्नुभयो, "सन् १८५० नोभेम्बर महिना अनाथ आश्रमलाई ३०० जनादेखि १००० जनासम्म पुऱ्याउने योजना मेरो मनमा आएको थियो, र सन् १८५० नोभेम्बर महिनाको त्यो दिनदेखि सन् १८६२ मार्च १२ तारिख आजको दिनसम्म मेरो मनमा आएको यो काम विस्तारको कुरालाई प्रार्थनामा परमेश्वरको अगाडि नल्याईकन कुनै पनि दिन बित्न दिइनँ, कुनै बेला एकपल्ट भन्दा बढी पनि प्रार्थना गरिन्थ्यो। यसरी नै हो भने कति समय लाग्छ होला हाम्रो हजारौँ हजार प्रार्थनाहरूको उत्तर पूर्ण रूपमा पाउनको लागि; मैले प्रार्थना गर्दा कुनै पनि शङ्का नगरी नडगमाईकन ११ वर्षसम्म उत्तर पाउनको लागि त्यो गरिरहेको थिएँ।"

तर कामको विस्तार त्यतिमै सीमित भएन। म्युलरले अझै बढिरहेका अनाथहरूलाई पठनपाठनको लागि अझै चाहेका भवनहरू र सुविधाहरूको लागि आफ्नो विश्वासमा कदम बढाएर परमेश्वरसँग माग्न कर लाग्यो। यसै गरी सन् १८६८ मा चौथो आश्रमको उद्घाटन भयो, र सन् १८७० मा पाँचौँ आश्रमलाई पनि उद्घाटन गर्नुभयो।



पहिलो भवन




दोस्रो भवन

यति काम सुरु गर्नको लागि चाहेको र भइरहेको संस्थाको खर्च धान्नको लागि चाहेको मोटो रकम प्रबल प्रार्थनाद्वारा मात्र आयो। म्युलर एउटा उल्लेखनीय दर्शन र विश्वासको व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरा स्पष्ट रूपमा देखिन्छ। उहाँ र उहाँका सहकर्मीहरू दैनिक रूपमा प्रार्थनाको लागि भेला हुने गर्नुहुन्थ्यो, तर अझै थोरै समय अवधिहरूमा प्रार्थनाको लागि भेट हुने बोझ बढ्दै गयो। अहिल्यै उनीहरू स्वर्गीय पिताको सिंहासन अगाडि कम्तीमा दिनको ३ पटक देखा पर्न थाल्नुभयो ।

म्युलरको दर्शन १००० जना बालबालिकाहरूलाई पाल्नु थियो, तर यो आस्ले डाउन्समा सेवकाइ सुरु गरेपछि भएको २५ वर्षको समय अवधिभित्र परमेश्वरले २००० जना बालबालिकाहरूलाई पाल्नको लागि चाहेका पैसा र सहकर्मीहरू दिनुभयो। हरेक पैसा म्युलरले प्रार्थनाद्वारा परमेश्वरलाई मागेर प्राप्त भएको हो। एक जना जीवनी लेखकले लेख्नुभयो, "म्युलरजस्तो गरिब मानिस कोही छैन, त्यसै बेला उहाँको विश्वास र आशा परमेश्वरमाथि रहेको थिएन भने यस्तै महान् योजनाको बारेमा उहाँले कहिल्यै सोच्न पनि सक्नुहुन्न थियो, र त्यो सुरु गर्नु अझ परको कुरा नै हुन्थ्यो।"

**परमेश्वरको निरन्तर अनुग्रह**

अनाथ आश्रममा कठिनाइहरू नभएको समय कहिल्यै थिएन, धेरै चोटि धेरै अस्वस्थ भएका नानीहरूलाई पनि अनाथ आश्रममा राख्न ल्याइन्थ्यो, कुनै नानीहरू धेरै नै अटेरी भएकोले तिनीहरूलाई निकाल्न पर्ने बाध्यता पनि भएको थियो। अनाथ आश्रम एउटा अस्पताल पनि होइन, र सुधार केन्द्र पनि होइन भन्ने धारणामा म्युलर हुनुहुन्थ्यो। बेलायतका सहरहरूलाई, टाइफाइड, लहरे खोकी, दादुरा, र कालाजार रोगहरूले सताइरहेको बेलामा अनाथ आश्रमका नानीहरूको बिचमा उल्लेखनीय स्वस्थपन देखिन्थ्यो। नानीहरूलाई परमेश्वरले यी महामारीहरूबाट सुरक्षित राखून् भन्ने म्युलरको एउटा मुख्य प्रार्थना थियो।

पानी तताउने सामानहरू बिग्रिने र नालाहरू बन्द हुने भन्ने समस्याहरू पनि भइरहन्थ्यो। सन् १८६४ मा ठुलो खडेरी हुँदा उनीहरूको पानी राख्ने

१५ ओटा ट्याङ्कीहरूमा पानी सिद्धियो, र ९ ओटा इनारहरू पनि सुक्यो, दैनिक रूपमा ९ हजार लिटर पानी चाहिएको ठाउँमा यो अवस्था मुख्य प्रार्थनाको विषय बन्न पुग्यो। उत्तरस्वरूप नजिकैको एउटा किसानले आफ्नो ठुलो इनारको पानीलाई अनाथ आश्रमको लागि दिनुभयो।

सन् १८६५ मा बृष्टल सहरमा ठुलो हुरीबतास आयो। अनाथ आश्रमको छानालाई बिगार्‍यो र झ्यालहरू सबै फुट्यो। बनाउने मानिसहरू नपाउँदा परमेश्वरले वर्षा रोकि दिनको लागि प्रार्थना माथि गयो। जुन बेला सबै बनाउने काम सक्यो, त्यसको केही दिन पछि मात्रै वर्षा सुरु भयो।

## अनाथहरूको बिचमा सुसमाचार

म्युलरले बालबालिकाहरूको शारीरिक पालनपोषणको लागि तिनीहरूलाई अनाथ आश्रममा ल्याए तापनि तिनीहरूका आत्माको लागि उहाँको हृदय धेरै दुःखित थियो। विश्वासीहरूलाई मात्रै अनाथ आश्रममा काम गर्न अनुमति दिइन्थ्यो, र बालबालिकाहरूको उद्धार एउटा मुख्य फिक्रीको विषय थियो। दैनिक रूपमा परमेश्वरको अगाडि जाने प्रार्थनामा केटाकेटीहरूको उद्धारको लागि गरिने प्रार्थना सबैभन्दा पहिलो स्थानमा थियो। सन् १८६० मा म्युलरले लेख्नुभयो, “जनवरी र फेब्रुअरी महिनाहरूमा पवित्र आत्माको एउटा महान् काम ६–९ वर्ष उमेर भएका केटीहरूको बिचमा सुरु भयो। त्यो जवान केटीहरूको बिचमा फैलियो, त्यसपछि केटाहरूको बिचमा पनि पुग्यो। १० दिनभित्र नै झन्डै २०० अनाथहरूले येशू ख्रीष्टमा राख्ने विश्वासद्वारा शान्ति पाए।” एउटा आश्रममा मात्रै ३५० जना नानीहरूलाई ख्रीष्टको विश्वासमा डोर्‍याइयो। हजारौँ बालबालिकाहरू, जो बृष्टल र आस्ले डाउन्सको आश्रमहरूमा हुर्केका थिए, तिनीहरूमध्येका धेरै जना पछिका समयहरूमा सेवक, मिशनरी र पास्टरीय सेवाहरूमा गए।



खाना खाने कोठा




बच्चाहरू सुत्ने कोठा

# अध्याय - ७

# मिशनरी यात्रा र जीवनका अन्तिम समयहरू

**मेरीको मृत्यु र म्युलरको दोस्रो विवाह:**

म्युलरकी श्रीमती मेरीले कहिल्यै पनि बलियो स्वस्थ जीवन जिउन सक्नुभएन। उहाँले आफ्नो श्रीमान्‌लाई जोसिलो भएर अनाथहरूको काममा सहायता गर्नुभयो। सन् १८६९ मा उहाँको स्वास्थ्य बिग्रिन थाल्यो, र उहाँलाई बाथ रोगले सतायो। त्यसपछिको वर्षमा उहाँको स्वास्थ्य धेरै छिटो बिग्रिन थाल्यो, र सन् १८७० मा उहाँ शान्तिसँग प्रभुमा सुत्नुभयो। म्युलरले लेख्नुभयो, “सन् १८३० अक्टोबर ७ तारिख (३९ वर्ष ४ महिनासम्म दाम्पत्य जीवन बिताउनुभयो) परमेश्वरले मलाई एउटा प्रेमिलो, महत्त्वपूर्ण र पवित्र श्रीमती दिनुभयो, उनको महत्त्व र उनीद्वारा परमेश्वरले दिनुभएको आशिष्‌लाई मैले व्याख्या गर्न सक्दिनँ। ती आशिष् आजसम्म, मध्यान्ह ४ बजेसम्म, जुन बेला परमेश्वरले उनलाई आफूसँग रहनलाई लानुभयो, त्यो बेलासम्म निरन्तर भइ नै रहन्थ्यो।” मृत्यु संस्कारमा १००० जनाभन्दा बढी मानिसहरू सहभागी भएका थिए, र तिनीहरूको बिचमा बोल्दा म्युलरले भन्नुभयो, “उनको अनुपस्थिति अनाथहरूलाई कति ठुलो घाटा हो भन्ने कुरालई हरेक दिन म देख्दछु, तापनि कुनै कोसिस नगरीकन सधैँ बानी भए जसरी म भित्र आत्मामा मेरो प्रेमिलो र मलाई छोडेर गएकी मेरी श्रीमतीको खुसीमा खुसी छु। यो परमेश्वरले नै गर्नुभएको हो, र उहाँमा हामी सन्तुष्ट छौँ।”

तर म्युलरले धेरै नै एक्लोपनको महसुस गर्नुभयो, त्यसकारण सन् १८७१ मा उहाँले फेरि विवाह गर्नुभयो। म्युलरले, सुसन्ना स्याङ्गर (Susannah Sangar) लाई बितेको २५ वर्षदेखि नै चिन्नुहुन्थ्यो, र उनी आफ्नो दुःखमा सहभागी हुन्छिन्, र परमेश्वरले उहाँलाई बोलाउनुभएको कामको परीक्षाहरूमा सहभागी हुन्छिन् भनेर विश्वास गर्नुभयो। मेरीभन्दा कुनै कुरामा

कम नभएको एउटा उल्लेखनीय जीवन–साथीको रूपमा आफूलाई उनले प्रमाणित गरिन्, विशेष गरी म्युलर आफ्नो जीवनको काममा एउटा नयाँ चरणमा पुगेको अवस्थामा।

### उत्तराधिकारीको नियुक्ति

सन् १८७१ नोभेम्बर महिनामा आफ्नो ज्वाइँ जेम्स वाइटलाई आफ्नो मृत्युपछिको उत्तराधिकारीको रूपमा नियुक्ति गर्नुभयो। म्युलरले लेख्नुभयो, "परमेश्वरको अनुग्रहले आजसम्म काम गर्न सकिरहेको छु,... तर म ६६ वर्ष पुगिसकेँ, र अलिकति आराम लिनु मेरो कामको लागि धेरै महत्त्वपूर्ण कुरा हो भन्ने कुरालाई म आफै इन्कार गर्न सक्दिनँ, यसकारण म श्रीमान् वाइटलाई मेरो मृत्युपछिको उत्तराधिकारीको रूपमा नियुक्ति गर्नु मात्र नभएर वर्तमान काम र संस्था पनि सञ्चालन गर्नको लागि सहयोगीको रूपमा लिएको छु।"

### मिशनरी यात्रा

प्रायःजसो मानिसहरू ६० वर्षको उमेर पुग्दा कामबाट विश्राम लिन अथवा कामलाई कम गर्न सोच्छन्। तर म्युलर त्यस्तो व्यक्ति हुनुहुन्न थियो। उहाँ विद्यार्थीको रूपमा जर्मनीमा हुँदा, मण्डलीको मिशन काममा सहभागी हुन तृषित हुनुहुन्थ्यो, र जाति–जातिहरूको बिचमा सुसमाचार पुर्‍याउने काममा एउटा औजार बन्न चाहनुहुन्थ्यो। मिशनरी सोसाइटीहरूसँग मिलेर काम गर्न उहाँले गरेको सुरुका प्रयासहरू असफल भएका थिए, तापनि त्यो आगोचाहिँ ४५ वर्षभन्दा बढी उहाँको हृदयमा बलिरहेको नै थियो। उहाँले स्क्रीप्चुरल नलेज इन्स्टिट्यूशनद्वारा मिशन कामहरूलाई धेरै सहायता पुर्‍याउन सक्नुभएको थियो, तर अहिले आफूले व्यक्तिगत रूपमा त्यो विषयमा केही गर्ने समय आएको महसुस गर्नुभयो, उहाँले मिशन सेवकाइद्वारा विश्वको पल्लो छेउसम्म पुगेर प्रचार गर्नुपर्छ भन्ने महसुस गर्नुभयो।

उहाँले ती कुराहरूको बारेमा धेरै सोच्नुभयो, र प्रार्थना गर्नुभयो, र अन्तमा त्यो गर्नुपर्ने ७ ओटा कारण र उद्देश्यहरूमा आइपुग्नुभयो,

*१) सरल तरिकाले प्रचारिने सुसमाचारको विश्वभरिको आवश्यकता ।*

ख्रीष्टले सिध्याएको काममा आधारित उद्धार, उहाँमा विश्वास गरेर उहाँलाई ग्रहण गर्ने बित्तिकै सबैले पाउने धार्मिकता।

*२) सबै विश्वासीहरूलाई चाहेको ख्रीष्टमा आफ्नो स्थानको ज्ञान ।*

ख्रीष्टियनहरूले ख्रीष्टमा आफ्नो स्थानको बारेमा बुझ्नुपर्छ। धेरै जना प्रचारकहरू समेत प्रभुको साँचो शान्ति र आनन्दको अभावमा छन्, र तिनीहरूले अरूलाई अगुवाइ गर्न सकिरहेका छैनन्।

*३) विश्वासीहरूलाई परमेश्वरको वचनतिर फर्काउनुपर्ने आवश्यकता ।*

विश्वासीहरूले परमेश्वरको वचनलाई खोजेर त्यसमा लुकेको गाडधनलाई भेट्टाउनुपर्छ। सबै कुराहरूलाई परमेश्वरको वचनसँग तुलना गरेर जाँच्नुपर्छ। परमेश्वरको वचन नै दैनिक अध्ययन र प्रार्थनाको जग बन्नुपर्छ।

*४) विश्वासीहरूको बिचमा भातृप्रेमलाई बढाउनुपर्ने आवश्यकता ।*

परमेश्वरको वचनमा अति आवश्यक कुरामा ध्यान दिएर उनीहरूको बिचमा भएको विवादका कुराहरूलाई कम गर्नुपर्छ। साम्प्रदायिक बन्धनहरूलाई मेटेर सत्यतामा एक भएर माथि आएर भातृप्रेममा जिउनुपर्छ।

*५) विश्वासीहरूको विश्वासलाई बलियो बनाउनुपर्ने आवश्यकता ।*

सरल रूपमा प्रभुमा भरोसा राख्न, र आफ्नो महान् परमेश्वरमा बलियो हुन उत्साह दिनको लागि– विशेष गरी विश्वाससहितको प्रार्थनामा।

*६) संसारबाट अलग हुन प्रोत्साहन दिनुपर्ने आवश्यकता ।*

माथिका कुराहरूमा मन लगाउने स्वभावलाई बढाउने र सीमा नाघेको उत्साह र सांसारिकपनको विरोधमा चेतावनी दिन।

*७) विश्वासीहरूलाई येशू ख्रीष्टको दोस्रो आगमनको लागि पर्खिरहन उत्साह दिनुपर्ने आवश्यकता ।*

उहाँको हृदयमा २ ओटा बोझहरू थिए, एउटा सबै ठाउँहरूमा सुसमाचार पुऱ्याउने, र अर्को विश्वासीहरूको भक्ति वृद्धि। उहाँलाई थाहा थियो कि यदि

विश्वासीहरूलाई बलियो बनायो, र विश्वासमा अघि बढ्न उत्साह दियो भने तिनीहरू सुसमाचारको लागि दूत बन्छन्।

सन् १८७५ मार्च महिना उहाँले आफ्नो १७ ओटा मिशन यात्राहरूमा पहिलो यात्रा सुरु गर्नुभयो। पहिले उहाँ भाईट्रन, लिभ्स र सन्डरल्याण्ड पुग्नुभयो। चार्ल्स स्पोर्जनको अनुरोधमा प्रख्यात मेट्रोपोलिटन टचाबरनेकलमा बोल्नुभयो। त्यसपश्चात् न्यु क्यासलसहित र अरू ठाउँहरूमा पनि जानुभयो। उहाँ १० हप्ता सेवाको यात्रामा हुनुभएको थियो, र ७० वटा ठाउँहरूमा बोल्नुभएको थियो।

त्यही समयहरूमा मुडी र साङ्के (Moody and Sankey) सुसमाचारीय सभा राख्नको लागि इङ्ल्याण्डमा आउनुभएको थियो। धेरै जना प्रभुमा आए तर तिनीहरूले हुर्किन चाहेका शिक्षाहरू पाएका हुँदैनन् भन्ने कुरा म्युलरले थाहा पाउनुभयो । म्युलर र उहाँकी श्रीमती त्यो प्रचारकहरूको पाइलाहरूलाई पछ्याउँदै तिनीहरूले सभा राखेको हरेक सहरहरूमा नयाँ विश्वासीहरूलाई सिकाउन आफ्नो यात्रा सुरु गर्नुभयो। कुनै ठाउँहरूमा ६ हप्तासम्म बिताउनुभयो, इङ्ल्याण्ड, आयरल्यान्ड र स्कटल्याण्ड देशहरूमा धेरै ओटा सहरहरू घुम्नुभयो। उहाँको सभामा कुनैकुनै ठाउँमा ६ हजार जना मानिसहरू भेला हुन्थे। म्युलर ११ महिना बृष्टललाई छोडेर यात्रामा हुनुहुन्थ्यो, र ती दिनहरूमा दैनिक लगभग २ ओटा प्रचार गर्नुभयो।

ती यात्राहरूको फाइदाको बारेमा उहाँलाई सोध्दा उहाँले जवाफ दिनुभयो, "परमेश्वरको दिनमा त्यो प्रकट हुनेछ। यो संसारमा हाम्रो कामको तुलनामा हेर्दा फल थोरै मात्र देखिन्छ, तर भए पनि जति मैले हेर्ने अनुमति पाएँ त्यसको आधारमा मैले पक्का विश्वास गर्न सक्छु कि परमेश्वरले नै मलाई पठाएको हो भन्ने प्रमाण नदेखिएको ठाउँ यी ठाउँहरूमध्ये कुनै पनि थिएन।"

तेस्रो यात्राले युरोप महाद्वीपसम्म उहाँलाई पुऱ्यायो, फ्रान्स, स्वीजरल्याण्ड, प्रशिया र होल्याण्ड देशहरू पनि त्यसमा थिए। स्टट्गर्टमा म्युलर वर्कटेम्वरको रानीसँग अन्तर्वार्तामा बस्नुभयो, दरबारमा भएको त्यो अन्तर्वार्तामा रानीले उहाँलाई बृष्टलमा भएको अनाथ आश्रमसम्बन्धी धेरै

प्रश्नहरू सोध्नुभयो। डाम्मस्टेडमा (Darmstadt) राजपरिवारको लागि प्रचार गर्ने व्यक्तिको घरमा भएको पाहुना कोठामा बोल्नुभयो, जहाँचाहिँ हेसे(Hesse)को राजकुमारी लुइसकी आमा थिइन्, र अरू राजकुमारहरू र राजकुमारीहरू पनि उपस्थित थिए। उहाँ वेर्लिनमा हुँदा राजकुमार विस्मार्कको आफन्त एक जना १२५ माइल यात्रा गरेर उहाँको प्रचार सुन्न आएका थिए, म्युलरको प्रचारले उहाँको आत्मिक जीवनमा आशिष् ल्याएको थियो।

यसरी ७० ओटा सहरहरूमा उहाँले ३०० पटक प्रचार गर्नुभएको थियो।

सन् १८७७ मा उहाँ चौथो यात्रामा जानुभयो । म्युलर १० महिनासम्म अमेरिका र क्यानडा घुम्नुभयो, उहाँले धेरै जर्मनीहरूको बिचमा बोल्नुभएको थियो। काला जाति र गोरा जातिहरूको बिचमा सदन स्टेटसमा बोल्नुभयो। उहाँका सेवाहरूचाहिँ प्रायः पास्टरहरू, सुसमाचार प्रचार गर्नेहरू, सेवकहरू, र बाइबल अध्ययन गर्ने विद्यार्थीहरूको बिचमा नै थियो। उहाँले १९ हजार २ सय ७४ माइल घुमेर ३०८ पटक प्रचार गर्नुभयो।

म्युलरका कुरा काट्नेहरू पनि थिए, र उहाँ बृष्टलमा फर्किसकेपछि यसो भन्नुभयो, “मैले यो कुरा स्पष्ट पार्न आवश्यक छ कि, अमेरिकामा गरेको मेरो प्रचारका यात्राहरू संस्थाको लागि पैसा बटुल्ने उद्देश्यमा गरेका होइनन्, तर मैले पाएको अनुभव र स्वर्गीय ज्ञानद्वारा विश्वासीहरूले फाइदा पाऊन्, र ख्रीष्टलाई नचिनेकाहरूको बिचमा मैले सुसमाचार सुनाउन पाऊँ भन्ने धारणामा गरेका हुन्। संस्थाको लागि भनेर मलाई दिएका भेटीहरू संस्थाको आधा दिनको खर्चको लागि पनि पुग्दैन।”

फर्किएको २ महिनाभित्र नै सन् १८७८ मा म्युलरको परिवार पाँचौँ यात्रामा फेरि युरोपतिर जानुभयो, साथै स्पेन र इटालीमा पनि उहाँहरूको सेवा थियो। रोमको यात्रामा हुँदा, रोम सहर पोपको मूर्तिपूजाले भरिएको देखेर गम्भीर रूपमा निराश हुनुभयो। उहाँले ९ महिनाको यात्रामा २८६ पटक प्रचार गर्नुभएको थियो। म्युलरले अङ्ग्रेजी, जर्मनी, फ्रान्स र अलिकति डच् भाषा पनि बोल्नुहुन्थ्यो, तर स्पेनिस र इटाली सभाहरूमा उहाँलाई अनुवादकको

आवश्यक पर्थ्यो। उहाँलाई ल्याटिन, ग्रीक र हिब्रू भाषा पनि आउँथ्यो, साथै एसिया महादेशको २ ओटा भाषाहरू पनि जान्नुहुन्थ्यो।

उहाँको छैटौँ यात्राचाहिँ उत्तर अमेरिकामा थियो, योचाहिँ १८७९ मा भएको थियो, र यी समयहरूमा उहाँले २७० दिनमा ३०० पल्ट ४० ओटा सहरहरूमा प्रचार गर्नुभएको थियो।

उहाँको सातौँ यात्रा पनि उत्तर अमेरिकामा नै थियो, र योचाहिँ सन् १८८० मा भएको थियो। उहाँका जीवनी लेखकहरूमध्येको एक जनाले लेख्नुभयो, 'त्यति बेलाको हिउँदको मौसमलाई ध्यानमा राखेर हेर्दा, ७५ वर्ष उमेर भएको व्यक्तिको लागि यो परिश्रम अति नै ठुलो थियो। म्युलरकी श्रीमतीले लेख्नुभयो, "त्यो हिउँद ३० वर्ष भित्रका समयहरूमा न्यु योर्क सहरहरूको सबैभन्दा चिसो हिउँद थियो, र मेरो श्रीमानले गर्नुभएको रातिको धेरै लामो यात्राहरूचाहिँ एकदमै जटिल र गाह्रो थिए। तर ख्रीष्टको प्रेमले उहाँलाई कर लगाएको कारण उहाँले आफ्नो सेवालाई निरन्तरता दिनुभयो, जुनचाहिँ उहाँको उमेर भएका अरूहरूको लागि गम्भीर र कठिनाइपूर्ण काम हुन्थ्यो।" '

१२ महिनाभित्र फेरि उहाँ युरोपमा आउनुभयो, जर्मन र स्वीजरल्याण्ड मात्र नभएर मिश्र देश, इजरायल, इटाली र ग्रिसमा पनि जानुभयो। ती देशहरूका ठाउँहरूलाई हेर्नु र रमाइलो गर्नु उहाँको कार्यसूचीमा थिएन, हरेक क्षणलाई उहाँले प्रचार, र सिकाउने काममा प्रयोग गर्नुभयो। उहाँ र उहाँकी श्रीमती घर फर्किंदा ८ महिना भइसकेको थियो।

उहाँहरूको नवौँ यात्रा सन् १८८२ को अगस्ट महिनादेखि सन् १८८३ को जुन महिनासम्म भएको थियो, जुन समयहरूमा उहाँहरू रसिया, पोल्याण्ड, हङ्गेरी, भोहेमिया, जर्मनी र अस्ट्रिया देशहरूमा जानुभयो।

सन् १८८३ को अन्तिम समयहरूमा उहाँले समुद्र पार गरेर ख्रीष्टलाई संसारमा घोषणा गर्न दशौँ यात्रा सुरु गर्नुभयो। उहाँहरू पूर्वतिर, विशेष गरी भारततिर यात्रा गर्नुभयो। म्युलर र उहाँकी श्रीमतीले २१ हजार माइलभन्दा

TOG Mission

बढी यात्रा गर्नुभयो, र २०० पटकभन्दा बढी प्रचार गर्नुभयो। मिशनरीहरूका बिचमा र ख्रीष्टिय सेवकहरूका बिचमा, युरोपबाट आएर भारतमा बसेका मानिसहरूका बिचमा, हिन्दुहरू र मुसलमानहरू, र शिक्षित स्थानीयहरू र जवान जवानीहरूका बिचमा उहाँले बोल्नुभयो। उहाँ ७९ वर्षमा अझै बलियो नै हुनुहुन्थ्यो।

कुनै महिनाहरू बेलायत, स्कटल्याण्ड, बेल्समा प्रचार गरिसकेपछि म्युलरको परिवार सन् १८८५ मा चौथोपल्ट अमेरिका जानुभयो। उहाँको यो एघारौँ ठुलो यात्रा थियो। उहाँ महादेशलाई पार गरेर पेसिफिक समुद्रलाई पार गरेर अस्ट्रेलियातिर जानुभयो, सन् १८८६ मा उहाँ सिड्नी आइपुग्नुभएको थियो। अस्ट्रेलियामा ७ महिना बिताइसकेपछि सामुद्रिक यात्रा गरेर उत्तरतिर जावा जानुभयो, र त्यहाँबाट जापान र त्यसपश्चात् चीन जानुभयो। उहाँ अन्तमा सन् १८८७ जुन महिना घर आइपुग्दा १९ महिनाहरूको समयमा झन्डै ३८ हजार माइलहरू घुमिसक्नुभएको थियो।

TCCMission

घरमा २ महिना मात्र बिताएर उहाँहरू फेरि अस्ट्रेलिया जानको लागि सामुद्रिक यात्रा गर्नुभयो। सन् १८८७ मा उहाँ दक्षिण अस्ट्रेलियामा भएका सेवाहरूको लागि आडिलेइडमा आइपुग्नुभएको थियो। त्यहाँबाट तिनीहरू टास्मानिया, न्युजिल्याण्ड, श्रीलङ्का र भारत जानुभयो। उहाँहरू भारतमा रहँदा आफ्नी छोरी लिडियाको मृत्युको खबर पाउनुभयो। बाँकी भएका सबै सभाहरूलाई रद्द गरेर उहाँहरू तुरुन्तै बृष्टल फर्कनुभयो।

म्युलर र उहाँकी श्रीमती फेरि सन् १८९० जुलाई महिनादेखि सन् १८९२ मे महिनासम्म विशाल प्रचारको यात्रामा जानुभयो। यी लामो कठिनाइपूर्ण यात्राहरू १७ वर्षसम्म निरन्तर भइरहेको थियो। उहाँ अहिले ८७ वर्षको हुनुहुन्थ्यो, र ४२ ओटा देशहरूमा प्रचार गरि सक्नुभएको थियो, र झन्डै २ लाख माइल घुमि सक्नुभएको थियो। एउटा अनुमानअनुसार उहाँको जीवनका यी अन्तिम समयहरूमा उहाँले ६ हजार पटक करिब ३० लाख मानिसहरूलाई प्रचार गर्नुभयो।

म्युलरले गर्नुभएका यी विशाल यात्राहरूमा उहाँले खर्चिएको पैसा, जुन

उहाँ जहाजमा, रेलमा र होटेलहरूको भाडा, दैनिक आवश्यकताहरूमा १७ वर्षसम्म खर्च गर्नुभयो, त्यो उहाँले अनाथहरूको लागि यति वर्षसम्म गरेको खर्चभन्दा बढी र ठुलो थियो। तर म्युलरले आफ्नो यो खर्चको लागि आफ्नो स्वर्गीय पितामाथि नै प्रार्थनामा भरोसा राख्नुभएको थियो। कुनै पनि मानवलाई सहायताको निम्ति बिन्ती गर्नुभएन। तर परमेश्वरले उहाँलाई यो नयाँ काममा अगुवाइ गर्नुभएको कारण जसरी अघिका समयहरूमा उहाँले आफ्नो आवश्यकताहरूलाई पूरा गर्नुभयो, त्यसरी नै अहिले पनि सबै थोक जुटाउनुहुन्छ भन्ने आशा परमेश्वरमाथि नै राख्नुभयो। उहाँका यी यात्राहरूको कारण बृष्टलमा हुने कामको लागि पैसाको अभाव भएन, र उहाँको लामो अनुपस्थितिको कारण कुनै पनि सेवा कठिनाइमा परेन।

**म्युलरका अन्य सेवकाइहरू:**

म्युलरले सन् १८३४ मा स्क्रीप्चुरल नलेज इन्स्टिटयूशन (जसको एउटा अङ्गचाहिँ अनाथहरूको काम थियो) स्थापना त्यसमा कुनै पनि देखावटीपन थिएन, तर त्यो काम परमेश्वरको आशिष्ले विस्तार हुँदै गयो। बिस्तारै तर निरन्तर रूपमा त्यो सानो संस्था बढ्दै गयो। विश्वास र त्यसले ल्याउने स्वर्गीय उत्तर यी दुवै सँगसँगै गयो, अन्य धार्मिक संस्थाहरू जसरी कुनै पनि ऋणको भारले त्यसलाई थिचेन, र त्यसको विश्वासयोग्य संस्थापकले त्यो संस्थाको आवश्यकताको लागि, र त्यो काम गर्न चाहेको अनुग्रहको लागि आफैलाई पूर्ण रूपमा प्रार्थनामा दिनुभयो।

TOG Mission

त्यो संस्थाको काममा एउटा अङ्गचाहिँ ख्रीष्टिय पर्चाहरू, नयाँ करार र बाइबल बाँड्नु थियो। यी कुराहरू मण्डलीहरूलाई, मिशनरीहरूलाई र ख्रीष्टिय सेवकहरूलाई दिइन्थ्यो, साथै सबै किसिमका सार्वजनिक सभाहरूमा पनि सित्तैमा बाँडिन्थ्यो। पर्चाहरू ठुलो मात्रामा खुला सभाहरूमा, मेलाहरूमा, घोडा–दौड हेर्न भेला भएका मानिसहरूको बिचमा, सार्वजनिक रूपमा कैदीहरूलाई दण्ड दिने ठाउँहरूमा, र रेल यात्रीहरूको बिचमा बाँडिन्थ्यो। सन् १८६७ मा पेरिसमा भएको प्रदर्शनमा सेवकहरूले १३ ओटा भाषामा १२ हजार ओटा परमेश्वरको वचन भएका पुस्तकहरू र पर्चाहरू बाँड्नुभएको थियो, अरू संस्थाहरू पनि यसमा सहभागी भएका थिए,

तापनि सबै म्युलरको प्रोत्साहनले भएको थियो। १८ औँ शताब्दीको अन्तमा म्युलरले स्थापना गरेको संस्थाद्वारा झन्डै ४० लाख पर्चाहरू, बाइबलहरू र किताबहरू वितरण भइसकेको थियो।

विश्वासको यो कामको महानता बुझ्नको लागि यी कुराहरूलाई हेर्न सक्छौँ: सन् १८७४ मा २१०० जना अनाथहरू आश्रममा थिए। यिनीहरूको लागि दैनिक रूपमा भोजन र लुगाफाटा व्यवस्थापन गर्नुपर्थ्यो, संस्थाले १८९ मिशनरीहरूलाई विश्वका विभिन्न भागमा सहायता गरिरहेको थियो, १०० ओटा विद्यालयहरू र त्यसमा ९००० जना विद्यार्थीहरूको सहायता गर्नुपर्थ्यो, ४० लाख पन्ना पर्चाहरू र १० हजार ओटा बाइबलहरू वितरणको लागि तयार पार्नुपर्थ्यो। यी सबै कुराहरूको लागि वर्षमा ४४ हजार पाउण्डको (आजको ने.रु.मा ८६ करोड २ लाख हुन्छ) चाहिन्थ्यो, यी सबै कुरा दैनिक रूपमा स्वर्गीय पितालाई गरिने प्रार्थनाद्वारा पाइन्थ्यो।

म्युलरको अन्तिम वार्षिक प्रतिवेदनमा (सन् १८९६–९७) उहाँले परमेश्वरको प्रशस्त मात्राको आशिष् यो संस्था सुरु भएका समयहरूदेखि नै त्यसको काममा रहँदै आएको कुराहरूलाई निश्चित रूपमा देखाउनुभयो। संस्थाको काम सुरु भएको बितेका ६३ वर्षहरूमा, विद्यालयहरूमा मात्रै उहाँहरूले १ लाख २१ हजार विद्यार्थीहरूलाई सेवा पु्र्याइसक्नुभएको थियो। त्यसमा हजारौँ जनाले ख्रीष्टलाई पाए। विश्वभरि विभिन्न भाषाहरूमा २ लाख ओटा नयाँ करार, २१ हजार ओटा भजनसंग्रह, र झन्डै २ लाख २० हजार ओटा धर्मशास्त्रको वचनका भागहरू पनि छापियो; पर्चाको वितरण १ करोड ११ लाख नाघिसकेको थियो।

विशाल कामको बारेमा म्युलरले एकपल्ट लेख्नुभयो, “परमेश्वर, जो मद्वारा यो काम सुरु गर्नुभएको थियो, जसले मलाई हरेक वर्ष काम विस्तारको लागि अगुवाइ गर्नुभएको थियो, परमेश्वर जसले मलाई ४० वर्षभन्दा बढी यो काममा सहायता गर्नुभएको थियो। उहाँले अझै पनि सहायता गर्नुहुन्छ, र मैले उहाँमा भरोसा राखेको कारण मलाई डगमगिन दिनुहुन्न। मैले पूरै कामलाई उहाँको हातमा समर्पण गरेको छु, उहाँले भविष्यमा पनि मलाई चाहेका कुराहरू जुटाउनुहुन्छ, त्यो कहाँबाट आउँछ

TGCMission

भनी थाहा नभए पनि।"

**मृत्युः**

म्युलर ९३ वर्षको उमेरमा अझै प्रचार गर्दै हुनुहुन्थ्यो। सन् १८९८ मार्च ६ तारिख आइतबार बिहान उहाँ पुलपिटमा उभिनुभएको थियो, र उहाँको मूल पाठचाहिँ २ कोरिन्थी ५:१, "किनभने हामी जान्दछौँ कि हामीले वास गरेको यो पार्थिव शरीर ढली गए तापनि स्वर्गमा अनन्तसम्म रहने परमेश्वरले दिनुभएको हाम्रो घर छ, जो हातले बनाइएको होइन।" उहाँले त्यो दिन बेलुकी पनि प्रचार गर्नुभयो, र सोमवारको संगतिमा पनि उहाँ नै मुख्य व्यक्ति हुनुहुन्थ्यो, र वृद्धाहरूको प्रार्थना सभामा पनि उहाँ नै हुनुहुन्थ्यो। बिहीबार बिहान ७ बजे सधैँ जस्तै उहाँको लागि चिया कोठामा लगिएको थियो, तर उहाँ जानु भइसक्नुभएको थियो। प्रभुले ढोका खोलेर 'भित्र आऊ–असल र विश्वासयोग्य दास' भनी मधुरो आवाजले बोलाउँदा उहाँ शान्तिपूर्ण रूपमा आफ्नो घर जानुभयो।

उहाँको मृत्युले विश्वलाई नै दुःखित तुल्यायो, र मानिसहरूले परमेश्वरलाई धन्यवाद पनि दिए। उहाँ एउटा छुट्टै प्रकारले, जसरी आफ्नो मण्डलीको हुनुहुन्थ्यो, त्यसरी नै विश्वको पनि हुनुभएको थियो। एउटा जीवनी लेखकले लेख्नुभयो, "उहाँको मृत्यु हुँदा मानव जातिले नै घाटा सहनुपर्‍यो।"

TOG Mission

उहाँको मृत्यु संस्कार त्यसपश्चातको सोमवार (३ दिन पछि) भएको थियो, उहाँको मृत शरीरलाई बृष्टलको बाटोहरूमा लगिँदा हजारौँ मानिसहरू आफ्नो कारखाना, कार्यालय, घर र काम सबै छोडेर उहाँलाई इज्जत दिनको लागि बाटोमा भेला भएका थिए। बृष्टल सहरले यस्तो दृश्य कहिल्यै देखेको थिएन।

म्युलरको मृत्यु हुँदा बृष्टलको कामले कुनै बिन्ती नगरिकनै १५ लाख पाउण्ड पाएको थियो। (अहिलेको नेपाली रुपैयाँमा करिब ३० अर्ब हुन्छ)। यी सबैको कारण परमेश्वरको विश्वासयोग्यता, र म्युलर र उहाँको झुण्डको दैनिक प्रार्थना थियो। यसमा म्युलरको आफ्नो सहभागिताचाहिँ ८१ हजार



**म्युलरको शव यात्रा**

४ सय ९० पाउण्ड (–£ 81,490 18s 6d) उहाँको मृत्युपछि उहाँको व्यक्तिगत सम्पत्तिको हिसाब गर्दा त्यो मात्र १ सय ६९ पाउण्ड (£169 9s 4d) थियो, त्यो पनि उहाँले आराम गर्ने खाटहरू र उहाँलाई काममा चाहेका औजारहरूको आवश्यक थिएन भने हुँदैन थियो। त्यो पैसाको आधाचाहिँ भर्खरै मात्र सेवाको लागि पाउनुभएको थियो, तर कामको लागि छुटचाउनुभएको थिएन। उहाँको आफ्नो भन्ने केही थिएन। आफूले लगाउने लुगाहरूलाई पनि उहाँले आफ्नो ठान्नुहुन्न थियो। उहाँ एउटा इमान्दार भण्डारे हुनुहुन्थ्यो। उहाँले एकपल्ट भन्नुभएको थियो, "मेरो उद्देश्य कहिल्यै पनि म कति पाउन सक्छु भन्ने थिएन, तर कति दिन सक्छु भन्ने थियो।"

जर्ज म्युलरले १८३४ मा बृष्टलमा सुरु गर्नुभएको काम आजको दिनसम्म जीवित छ।

TOG Mission